# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १३४ | काठमाडौं | बिहीबार, १९ भदौ २०८२ | Prabhab National Daily | Thursday, 04 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## पाँच हजारभन्दा बढी गीत गाएर अस्ताइन् इन्दिरा



मैले इन्दिरा गोलेसँग पाँच भाइ छोरा, तेमे हवापाजस्ता थुप्रै गीत गाएको छु । भर्सटाइल गायिका हुनुहुन्छ उहाँ । स्टेजमा त दमदार प्रस्तुति दिने जोडा नै हो मेरो । अहिले मलाई एउटा खुट्टा भाँचिएजस्तो लागिरहेको छ । तामाङ गीतसंगीतको माता नै गुमाएका छौं ।

**प्रेम लोप्चन**
सेलो गायक

उहाँ तामाङ कलाकार संघको चौथो अध्यक्ष हुनुभयो । नेपाली लोकसंगीतको स्रस्टा हुनुहुन्थ्यो । तामाङ गीतसंगीतको त आमा नै हुनुहुन्छ । तामाङ सांगीतिक आकाशको तारा अस्ताएको छ । हाम्रो संस्थापक उपाध्यक्ष अनि सल्लाहकार, हामीले अभिभावक गुमाएका छौं ।

**विशाल काल्तान**
अध्यक्ष, तामाङ कलाकार संघ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली लोक तथा तामाङ सेलो गरी करिब पाँच हजार गीतमा स्वर दिएकी गायिका इन्दिरा गोलेको निधन भएको छ । क्यान्सर रोगसँग संघर्षरत उनको मंगलबार राति ललितपुरको हात्तीवनस्थित निवासमा निधन भएको हो ।

नेपाली लोक गायन र तामाङ भाषाको गायनमा ३७ वर्ष समय बिताएकी उनको बुधबार स्वयम्भूमा अन्त्येष्टि गरिएको नेपाल तामाङ कलाकार संघले जानकारी दिएको छ । गायिका गोलेको निधनले नेपाली गीत र तामाङ गीतसंगीत क्षेत्रमा अपूरणीय क्षति पुगेको संघका अध्यक्ष विशाल काल्तानले बताए । 'दुई वर्षदेखि क्यान्सरसँग लडिरहनुभएको थियो । हामीले उहाँलाई बचाउन सकेनौं,' अध्यक्ष काल्तानले भने ।

हात्तीवनबाट अन्तिम श्रद्धाञ्जलीका लागि गायिका गोलेको शवलाई सानो गौचरणस्थित नेपाल संगीत तथा नाटच प्रज्ञा प्रतिष्ठानमा ल्याइएको थियो । प्रतिष्ठानमा उनलाई नेपाल तामाङ घेदुङ, तामाङ कलाकार संघलगायत संघसंस्थाले आफ्नो झण्डा ओडाएर सम्मानसहित श्रद्धाञ्जली अर्पण गरे । श्रद्धाञ्जलीसभामा कलाकारहरूका साथै विभिन्न क्षेत्रका शुभचिन्तकहरू ठूलो संख्यामा उपस्थित भए । त्यसपछि प्रतिष्ठानबाट गायिका गोलेको शवलाई अन्तिम संस्कारका लागि स्वयम्भू लगिएको थियो ।

पछिल्लो एक वर्ष उपचार गर्दै उनी स्टेज कार्यक्रमहरूमा सक्रिय देखिन्थिन् । यद्यपि, क्यान्सरले गाँज्दै ल्याएपछि पछिल्लो दुई महिनायता उनी घरमै उपचाररत थिइन् ।

तामाङ कलाकार संघकी संस्थापक उपाध्यक्षहुँदै एक कार्यकाल अध्यक्षको जिम्मेवारी सम्हालेकी गोलेको निधनले अपूरणीय क्षति पुगेको संघका अध्यक्ष काल्तानले बताए । 'उहाँ तामाङ कलाकार संघको चौथो अध्यक्ष हुनुभयो । नेपाली लोकसंगीतको स्रस्टा हुनुहुन्थ्यो ।

क्रमशः पृष्ठ २ मा

# नयाँ दल खोल्न 'वार्मअप'

### बालेन साह, कुलमान घिसिङ, हर्क साम्पाङ, दुर्गा प्रसाई र प्रा.डा. महेन्द्रसुन्दर लावती दल खोल्ने तयारीमा

■ **जेबी योञ्जन**



**काठमाडौं–** दलीय घेराभन्दा बाहिर रहेर जनमत निर्माण गरेका स्वतन्त्र व्यक्ति र जनप्रतिनिधिहरू दल खोल्ने मेसोमा देखिएका छन् । तयारीलाई हेर्दा आगामी आमचुनावअघि नै उनीहरूले दलीय संरचना खडा गरिसक्ने छन् र दलबाटै चुनाव लड्ने छन् ।

त्यसका लागि 'वार्मअप'मा देखिएका छन् । देश/परदेश घुमेर कोही जनमतको प्रारम्भिक परीक्षणमा छन् । कोही ठूला सहरी क्षेत्रका मतदाताको मनोभावना बुझ्ने प्रयासमा छन् । यसबीचमा पुराना राजनीतिक दलहरूले देशलाई बर्बाद पारेको भन्दै देशको खराब स्थिति पनि प्रस्तुत गर्दै आएका छन् ।

खासगरी काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साह, नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङ, सुनसरीको धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङ, विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं र प्रा.डा. महेन्द्रसुन्दर लावती दल खोल्ने तयारीमा देखिन्छन् ।

त्रिभुवन विश्वविद्यालयमा राजनीतिशास्त्र प्राध्यापनरत डा. भेषराज घिमिरे यी व्यक्तिहरूले दल खोले पुराना दलहरूमाथि आगामी चुनावमा झनै चुनौती दिने विश्लेषण गर्छन् । 'पुराना दलहरूले डेलिभरी दिन सकेको भए, सुशासन कायम गर्न सकेको भए, नयाँ दलहरूले खासै स्पेस पाउने थिएनन्,' उनले प्रभावसँग भने, 'तर, नगर्दा नागरिकको असन्तुष्टिको ग्राफ बढिरहेको छ । जति असन्तुष्टिको ग्राफ बढ्छ, त्यति नै नयाँ दलहरूको उचाई पनि त्यहीअनुसार बढ्छ ।'

हुन पनि ट्रान्सपरेन्सी इन्टर नेसनलका अनुसार नेपाल विश्वमा व्यापक भ्रष्टाचार हुने देशको सूचीमा १०८औं नम्बरमा छ । नीतिगत र संस्थागत भ्रष्टाचार मौलाएको प्रतिवेदनहरूले नै देखाएका छन् । राजनीतिक र कर्मचारीतन्त्रले मिलिजुली गर्ने ठूला भ्रष्टाचार काण्डहरूलाई यतिबेला छोपछाप गरिएको आरोप विपक्षी दलहरूको छ । यसले नागरिकमा सरकारप्रति आक्रोशको तह बढाइदिएको छ । अर्कातिर, सुशासनको अवस्था कमजोर छ । बेरोजगारी समस्या उस्तै छ । यस्तोमा सरकारविरोधी जनभावनालाई नयाँ दलहरूले जनमतमा परिणत गर्न सक्ने डा. घिमिरे बताउँछन् ।

काठमाडौं महानगर प्रमुख साह भने जनमत परीक्षण गर्न लागिपरेका छन् । त्यसका लागि उनले आफ्नो सल्लाहकार रहिसकेका ३३ वर्षीय सन्तोष गिरीलाई रूपन्देही-३ मा हुने उपचुनावमा उम्मेदवार बनाउँदै छन् । गिरी गत असारदेखि नै चुनाव क्षेत्रमा माहोल बनाइरहेका छन् । उनी रूपन्देहीको तिलोत्तमा-६ पश्चिम पहुनीका हुन् ।

डा. घिमिरेका अनुसार दल खोलेर चुनावमा गए बालेन स्वतन्त्रमध्ये जनमत प्राप्त गर्न सक्ने सर्वाधिक प्रभावशाली नेता हुन सक्छन् । उनले भने, 'ठूला दललाई धक्का दिने क्रेज बालेन साहको देखिन्छ । तर, उनले दल दर्ता गर्ने हैसियत राख्छन् कि राख्दैनन् त्यो अलग कुरा हो, यद्यपि, दल सञ्चालन गाह्रो कुरा छ तर, राम्रो मनोवृत्तिका मानिसहरूलाई संगठित गरेर दल खोले एकपटक उनलाई जनताले विश्वास गर्ने देख्छु ।'

बालेनले दल खोल्छन् कि खोल्दैनन् ? टुंगो छैन । उनी गत स्थानीय तह चुनावमा दशकौंदेखि संगठित जनमतधारी दल र ती दलहरूका उम्मेदवारलाई पराजित गर्ने व्यक्ति हुन् । यदि, दल खोले उनले दक्षिणपन्थी धार समात्न सक्ने कतिपयको टिप्पणी छ । उनीबाहेक दल खोल्न कस्सिने स्वतन्त्र व्यक्तिमा कुलमान घिसिङ हुन् ।

क्रमशः पृष्ठ २ मा



हरेक चुनावमा कुनै न कुनै नयाँ दल देखा परेकै हुन्छ तर नयाँले के गर्न सके ? त्यसो हुनाले नयाँ भन्नेबित्तिकै जनताले विश्वास गरिहाल्छन् भन्ने लाग्दैन ।

**भीम भूर्तेल**
राजनीतिक विश्लेषक



पुराना दलहरूले डेलिभरी दिन सकेको भए, सुशासन कायम गर्न सकेको भए नयाँ दलहरूले खासै स्पेस पाउने थिएनन् । तर नागरिकमा जति असन्तुष्टिको ग्राफ बढ्छ, त्यति नै नयाँ दलहरूको उचाई पनि बढ्छ ।

**डा. भेषराज घिमिरे**
राजनीतिक विश्लेषक

**सन्दर्भः वैदेशिक रोजगार**

## कोरियामा ज्याला नदिने रोजगारदाताविरुद्ध विशेष अभियान




■ **प्रभाव संवाददाता**

- तलबविनै काम गराउने तथा श्रमिकमाथि दुर्व्यवहार हुने उच्च जोखिमयुक्त फार्म र कारखानाहरूमा एक महिने गहन अभियान थालेको जानकारी
- ज्याला भुक्तानी नगर्ने र दुर्व्यवहार गर्ने रोजगारदातालाई कडा कारबाही गरिने

**काठमाडौं–** दक्षिण कोरियाले आजबाट विदेशी कामदारलाई ज्याला नदिने र कार्यस्थलमा हुने दुर्व्यवहारविरुद्ध चार हप्ताको विशेष अभियान सञ्चालन गर्दै छ । त्यहाँको रोजगार तथा श्रम मन्त्रालयले तलबविनै काम गराउने तथा श्रमिकमाथि दुर्व्यवहार हुने उच्च जोखिमयुक्त फार्म र कारखानाहरूमा एक महिने गहन अभियान थालेको जानकारी दिएको हो ।

यो निरीक्षण विशेषगरी ज्याला नपाएका घटनामा केन्द्रित हुने जानकारी दिइएको छ । श्रमिकहरूको ज्याला गत वर्ष बढाइएको थियो । त्यहाँको सरकारी तथ्यांकअनुसार विदेशी कामदारहरूलाई भुक्तानी नगरिएको ज्याला ८५.५ बिलियन वन अर्थात् ६१.३ मिलियन डलर पुगेको छ । यो गत वर्षको सोही अवधिको तुलनामा ५१ प्रतिशतले बढेको जनाइएको छ ।

यस वर्षको पहिलो अर्धवार्षिक निरीक्षण गरिएपछि यो कदम चालिएको हो । अर्धवार्षिक निरीक्षणमा देशव्यापीरूपमा १५१ वटा जोखिमपूर्ण कार्यक्षेत्रहरू पत्ता लगाइएको थियो । हालसालै नाजु, दक्षिण जियोला प्रान्तमा इँटा कारखानालगायतका स्थानमा भएका घटनापश्चात् सरकारले थप ४५ वटा कार्यस्थलको निरीक्षण गरेको थियो । जसमध्ये धेरैजसो कार्यस्थल ग्याङ्वोन र जेओला प्रान्तका थिए ।

मन्त्रालयले ज्याला भुक्तानी नगर्ने र दुर्व्यवहार गर्ने रोजगारदातालाई कडा कारबाही गर्ने जानकारी दिएको छ । यदि आप्रवासी कामदारको दाबीको छिनोफानो अगाडि नै भिसाको म्याद सकिएर मुलुक छोड्नुपर्ने अवस्था आए या उनीहरू कागजपत्रविहीन अवस्थामा भएको खण्डमा द्रुतरूपमा निचोडमा पुग्नका लागि अधिकारीहरूले योजना बनाउने भनिएको छ । अनुसन्धानको क्रममा आवश्यक परेको खण्डमा भिसा अवधि लम्ब्याउने पनि जनाइएको छ । निरीक्षकहरूले अन्य अधिकार दुरूपयोगका घटनाहरूको अध्ययन गर्ने छन् ।

क्रमशः पृष्ठ २ मा

## ई-७ भिसाको प्रलोभनमा नपर्न विभागको आग्रह




**काठमाडौं (प्रस)–** दक्षिण कोरियामा ई-७ भिसामार्फत रोजगारीका लागि पठाइदिने भनेर कसैले आश्वासन देखाए प्रलोभनमा नपर्न वैदेशिक रोजगार विभागले सजग गराएको छ । विभागले बुधबार विज्ञप्ति जारी गर्दै ई-७ भिसामा पठाइदिन्छु भन्दै गैरकानुनीरूपमा रकम अशुली गरेका घटना सुन्नमा आएकाले यस विषयमा ध्यानाकर्षण भएको जानकारी दिएको हो ।

कोरियास्थित नेपाली राजदूतावासमा हालसम्म मागपत्र नआएकाले श्रमिक लैजाने प्रक्रिया सुरु भइनसकेको विभागले स्पष्ट पारेको छ । यसर्थ कुनै पनि व्यक्ति, संस्था, सामाजिक सञ्जाललगायतका माध्यमबाट कोरिया पठाइदिन्छु भन्ने आश्वासन भेटिए त्यस्ता सूचना झूटा भएकोले रकम नबुझाउन विज्ञप्तिमार्फत विभागले आग्रह गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट दक्षिण कोरियामा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८० को तेस्रो संशोधन स्वीकृत भएकाले कार्यान्वयनको चरणमा रहेको विभागले उल्लेख गरेको छ ।

क्रमशः पृष्ठ २ मा

**लिपुलेकमुनिका गाउँका पीडा**

## न बाटो छ, न सञ्चार

- साउन २८ गतेको बाढीले सडक बगाएपछि छाङ्गरू र तिंकरको सम्पर्कविच्छेद
- तीन साताभन्दा बढी समयदेखि तिंकर गाउँ नेटवर्कविहीन हुँदा स्थानीयलाई सुरक्षाकर्मीको सेट प्रयोग गर्नुपर्ने बाध्यता



■ **नरेन्द्रसिंह कार्की**

**दार्चुला-** कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रका कारण सबैभन्दा चर्चित ठाउँ हो दार्चुलाको ब्यास गाउँपालिका । त्यहीँ गाउँपालिकाको वडा नम्बर १ भित्रै पर्छन् छाङ्गरु र तिंकर गाउँ । तर त्यहीँ नेपालको अधीनमा रहेको छाङ्गरु र तिंकर पुग्न न पैदल बाटो छ न फोन गर्न सञ्चार सुविधा नै । अहिले पनि यहाँका दुई गाउँका नागरिक भारतीय सडकहुँदै गाउँ पुग्छन् । पैदल बाटो अवरुद्ध भएको र सञ्चार सेवा नहुँदा यहाँको जनजीवन कष्टकर बनेको छ ।

छाङ्गरुबाट तिंकर गाउँ पुग्न १० किलोमिटर दूरी छ । छाङ्गरुबाट तिंकर गाउँ पुग्नै अहिले पैदल बाटो अवरुद्ध भएको छ । गत साउन २८ गतेको बाढीले छाङ्गरु र तिंकरको सम्पर्कविच्छेद भएको हो । छाङ्गरुदेखि तिंकर गाउँ पुग्ने ठाउँ-ठाउँमा बाटो बाढीले बगाएको छ । मंसिरमा तिंकरवासीको बसाइँसराइ खलंगा झर्ने बेला कसरी फर्किने भन्ने चिन्ता भएको छ ।

बाटो बाढीले बगाएकै कारण गाउँमा खाद्यान्नसमेत ढुवानी गर्न असहज भएको वडा नम्बर १ का वडासचिव विनोदसिंह बुढाथोकी बताउँछन् । अहिले स्थानीयले पुरानै मौज्दात खाद्यान्न खाइरहेका छन् । यस्तै बाटोको अवस्था रहने हो भने गाउँमा खाद्यान्न अभाव हुने अवस्था छ ।

'बाटोका लागि कुनै क्षेत्रबाट तत्कालै बजेट आउने सक्ने अवस्था छैन, बाटो निर्माण नहुने हो भने यहाँका नागरिकलाई मात्र नभई सुरक्षाकर्मीलाई समेत आवतजावतमा कठिनाइ हुन्छ, बिरामी भयो भने ल्याउन सक्ने अवस्था छैन,' सचिव बुढाथोकीले भने ।

स्थानीय आस्तिक तिंकरीका अनुसार तिंकर गाउँमा सञ्चार नभएको तीन साता बढी भयो । गाउँ नेटवर्कविहीन छ ।

क्रमशः पृष्ठ २ मा

नागरिकका लागि चाहिने आधारभूत आवश्यकता पूरा गर्न नसक्ने तर जहिल्यै सीमाको विषय बल्झाइरहँदा नागरिकले सास्ती खेप्नुपरेको छ ।

**विनोदसिंह कुवर**
उपाध्यक्ष, ब्यास गाउँपालिका

पृष्ठ १ बाट क्रमश:

## जो नयाँ...

उनी उज्यालो नेपाल अभियानका 'नायक'का रूपमा चर्चित छन् । उनले दल खोल्ने घोषणा यसअघि नै गरिरहेका छन् । राजनीतिक उद्देश्यमै केन्द्रित भएर उनले हालै विभिन्न मुलुकको भ्रमण गरी स्वदेश फर्किएका छन् ।

नेपालमा १८ घण्टा लामो लोडसेडिङ अन्त्यको व्यवस्थापकीय नेतृत्व गर्ने श्रेय उनैलाई जान्छ। कतिपयले त उनलाई उज्यालोको पर्यायको रूपमा पनि अर्थ्याउने गरेका छन् । त्यसो हुनाले आगामी आमचुनावमा दल खोले उनी पनि पुराना दलहरूका लागि चुनौती बन्न सक्ने ठानिएको छ । धरानका प्रमुख हर्कराज राई दल खोल्ने भन्दै हालै काठमाडौं आए । उनले 'श्रमदान संस्कार' स्थापित गरेका छन्। श्रमदान अभियानकै कारण उनी चर्चामा आएका छन् । हरेक वर्ष बजेटसहितको नीति तथा कार्यक्रम ल्याउन दलीय जनप्रतिनिधिले अवरोध पुऱ्याएपछि उनी दल खोल्ने मुडमा पुगेको उनीनिकटस्थहरू बताउँछन् ।

२०८१ को वैशाखमा इलाम-२ मा भएको उपचुनावमा उनीसमेतको समर्थनप्राप्त पहिचान पक्षधर साझा उम्मेदवार डकेन्द्रसिंह थेगिमले ११ हजारभन्दा बढी मत पाएका थिए। यसबाट पनि उनी दल खोल्न हौसिएको देखिन्छ । उसो त उनी आफैं गत स्थानीय चुनावमा दलीय उम्मेदवारहरूलाई पन्छाउँदै स्वतन्त्र नगरप्रमुख निर्वाचित नेतृत्व हुन् । उनी पहिचानपक्षधर देखिएकाले उनको दलले पहिचानवादलाई नै बोक्न सक्ने चर्चा हुने गरेको छ ।

यस्तै, मेडिकल व्यवसायी दुर्गा प्रसाईं पनि दल खोल्ने तयारीमा छन्। उनी 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाअभियान'का संयोजक हुन्। उनले दल खोल्ने तयारीस्वरूप केन्द्रीय भेला यही भदौ २० र २१ गते भक्तपुरमा बोलाएका छन्। गत १५ चैतमा राजसंस्था पक्षधरहरूले गरेको हिंसात्मक प्रदर्शनपछि जेल परेका उनी हालै रिहा भएका हुन् । उनले पनि दक्षिणपन्थी धारको दल निर्माण गर्ने उनीनिकट एक नेताले बताए ।

अमेरिकामा लामो समय राजनीतिशास्त्र प्राध्यापन गरेका प्रा.डा. महेन्द्रसुन्दर लावती पनि दल खोल्ने तयारीमा छन् । हाल उनी पहिचानवादी मोर्चाको संयोजक हुन् । इलाम-२ मा डकेन्द्रसिंह थेगिमलाई उनी नेतृत्वको मोर्चाको पनि समर्थन थियो ।

मोर्चा प्रदेशको नाम कोशी खारेजी र ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा) क्षेत्रमा 'नो केबलकार' आन्दोलनको अग्रमोर्चामा थियो । उनले वर्तमान संविधानमा पहिचानको मुद्दा सम्बोधन नभएको भन्दै असन्तुष्ट समूहलाई गोलबद्ध गर्न खोजेका छन्। उनी संघीयताविद् पनि हुन्। उनै लावतीले पनि नयाँ दल खोलेर आगामी चुनावमा पुराना दललाई चुनौती दिन खोजेका छन् ।

तर, राजनीतिक विश्लेषक भीम भूर्तेल नयाँले पनि केही गर्न नसक्ने देखिसकिएको बताउँछन्। त्यसो हुनाले दल खोलेर चुनावमा गए पनि उनीहरूलाई जनताले विश्वास गरिहाल्ने स्थिति नदेखिएको उनको भनाइ छ । 'हरेक चुनावमा कुनै न कुनै नयाँ दल देखा परेकै हुन्छ तर नयाँले के गर्न सके ? त्यसो हुनाले नयाँ भन्नेबित्तिकै जनताले विश्वास गरिहाल्छन् भन्ने लाग्दैन,' उनले भने ।

गएको आमचुनावबाट भने स्थानीय तहमा बालेन, हर्क र गोपी हमालगायत नेताहरू जनताबाट चुनिए । प्रतिनिधिसभा चुनावबाट रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), डा. चन्द्रकान्त राउत नेतृत्वको जनमत पार्टी र रञ्जिता श्रेष्ठ चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी नयाँ दलका रूपमा चुनिएका थिए ।

■ ■ ■

## पाँच हजारभन्दा...

तामाङ गीतसंगीतको त आमा नै हुनुहुन्छ । तामाङ सांगीतिक आकाशको तारा अस्ताएको छ । हामीले अभिभावक गुमाएका छौं,' काल्तानले भने । ललितपुरको कोन्ज्योसोम गाउँपालिका भारदेउमा २०२३ कात्तिक ३ मा जन्मिएका उनको विवाह संगीतकार पूर्ण गुरुङसँग भएको थियो । मिर्गौलामा संक्रमण भएपछि गुरुङको यसअघि नै निधन भएको थियो ।

इन्दिरा तामाङ सेलोमामात्र नभई नेपाली लोकगीत, लोकभाका, देउडा, तामाङ भाषाको गीत, टप्पलगायत सबै गीतमा पोख्त रहेको उनका समकालीन गायक प्रेम लोप्चन बताउँछन् । 'लोकभाका, देउडा, तामाङ सेलो, तामाङ भाषाको गीत, टप्प सबै गीत गाउनुहुन्थ्यो । उहाँजस्तो त हामीले कहाँ पाउला र अब !,' गायक लोप्चनले भने ।

स्टेजमासमेत उनको प्रस्तुति दमदार रहने गरेको लोप्चन सम्झिन्छन् । 'मैले इन्दिरा गोलेसँग पाँच भाइ छोरा, तेमे ह्वापाजस्ता थुप्रै गीत गाएको छु। भर्सटाइल गायिका हुनुहुन्थ्यो उहाँ। स्टेजमा त दमदार प्रस्तुति दिने जोडा नै हो मेरो। अहिले मलाई एउटा खुट्टा भाँचिएजस्तो लागिरहेको छ,' लोप्चनले भने ।

गायिका गोलेको निधनबाट आफू स्तब्ध भएको लोकगायक नवराज घोरासैनीले बताए । गीतसंगीतमा लाग्दा आफू माद्यपानतिर ढल्किँदा गायिका गोलेले सुधारको बाटो हिँड्न सुझाएको घोरासैनी बताउँछन् । 'हामीले लामो यात्रा गऱ्यौं । उहाँले मलाई धेरै सुझाव दिनुहुन्थ्यो,' घोरासैनी भन्छन्, 'उहाँको टोन हीराजस्तै थियो । त्यो भेटिन्न अब । एउटा इतिहास ढल्यो ।' घोरासैनीसँग गोलेले 'चाँगुनारायण थान' जस्ता लोकप्रिय गीत गाएकी थिइन् । गोलेको निधनले नेपाली गीत संगीतको धरोहर ढलेको लोकगायक रेशम थापा बताउँछन्। 'गीत संगीतको धरोहर नै हो उहाँ। काँठमात्र नभएर कौडादेखि देउडासम्म गाउनुहुन्थ्यो। धेरै खुबीवान् गायिका हुनुहुन्थ्यो,' थापाले भने। पछिल्लो समय गोलेले आफू क्यान्सरबाट निको भइसकेको भनेर आफूलाई सुनाएको थापा सम्झन्छन्।

### गलैंचा बुन्दाबुन्दै गायनतिर

इन्दिराले गाउँमा पढ्न पाइनन् । सानैदेखि मेलापातमा, जात्रामा गीत गाउने गरेकी उनी १३ वर्षको उमेरमा जावलाखेल आइपुगिन् । जावलाखेलमा फुपूहरूसँग बसेर गलैंचा बुन्दै उनले गीत संगीतको कक्षा लिइन् । त्यहीँबाट उनको गायन यात्रा अझ निखारिन पुगेको सेलो गायक लोप्चन सम्झन्छन्। 'जात्रामा दोहोरी उत्तिकै जम्ने उहाँले गीत संगीतको कक्षा पनि लिनुभयो,' लोप्चन भन्छन्, 'त्यसपछि त के चाहियो र ! उहाँको स्वरमा धमाधम गीत रेकर्ड हुन थाल्यो ।'

उनको स्वरमा जातीय उत्पीडन र जागरणका गीतहरू पनि आए। जसका कारण इन्दिरा भूमिगतसमेत हुनुपरेको थियो । २०५२-५३ सालतिर रोज मोक्तानको एल्बम्मा रहेको 'को-म्हेन्दो' बोलको तामाङ गीत चन्द्रकुमार दोङसँग रेकर्ड गराइन् । यो गीत अझै पनि तामाङ समुदायमा चर्चित छ। अहिले यो गीत 'देउराली गङ्री बुगिला म्हेन्दो' शीर्षकमा युटचुबमा सुन्न पाइन्छ। २०४५ बाट गायन सुरु गरेकी उनले चाँगुनारायण थान, जाइफूलको वासना, घर त छाउनीमा, सफा टचाम्पुरी, हुक्का चिलिमले, आज मलाई उनीको पछ्यौरी, होइ ताङ्बा, गाङ ग्याब्सेला, हाम्रो डम्फु सेलो, होइसेर, नाच्यो माइच्याई तिमी डम्फुको तालैमालगायत गीतहरू सदाबहार चर्चित छन्।

### अन्तिम संस्कारमा राज्यको बेवास्ता

नेपाली गायन क्षेत्रमा योगदान गरेकी गायिका गोलेको निधनमा राज्यले भने बेवास्ता गरेको छ । चर्चित कलाकारको निधनमा नेपाल प्रज्ञा प्रतिष्ठान वा राष्ट्रिय नाचघरमा श्रद्धाञ्जलीका लागि राखिने गरिन्छ । यद्यपि, गायिका गोलेको निधनमा राज्यले बेवास्ता गरेको भन्दै शुभेच्छुकहरूले गुनासो गरेका छन्। हरेक कलाकारको निधनमा शक्ति केन्द्र धाउनुपर्ने र हारगुहार गर्नुपर्ने भएकोले गोलेले राज्यबाट केही नपाएको सेलो गायक लोप्चन बताउँछन्। 'राजनीतिक शक्तिमा भएकाहरू आएनन्। राज्यले दिनुपर्ने सम्मान पनि केही दिएन,' उनले भने।

विभिन्न अवस्थामा राज्यको शक्तिशाली पदमा पुग्नेहरूले कलाकारको कलाबाट फाइदा लिने तर यस्ता अवस्थामा बेवास्ता गरिने गरेको तामाङ कलाकार संघका अध्यक्ष काल्तान बताउँछन् । 'राज्यले केही हेरेन । इन्दिरा दिदीको निधनमामात्र हैन अरु कलाकारलाई पनि कतै सम्मान दिएको देखिन्न,' काल्तानले गुनासो गरे ।

■ ■ ■

## न बाटो...

स्थानीयले अहिले आफन्तसम्म खबर गर्न सुरक्षाकर्मीको सेट प्रयोग गर्नुपर्ने बाध्यता बनेको छ । तिंकरबाट छाङ्गरु गाउँ आउन तीन घण्टा एकतर्फी हिँड्नुपर्छ । छाङ्गरुमा नेपाल टेलिकमको नमस्ते फोनले काम गरे पनि तिंकरवासीले भने सञ्चारबाट वञ्चित हुनुपरेको स्थानीय वीरेन्द्र तिंकरी बताउँछन्।

ब्यास-१ को तिंकरमा ७० परिवारको बसोबास छ । यहाँका नागरिक गत जेठमा कुञ्चा सरेका थिए । तिंकरभन्दा छियालेकमा सशस्त्र प्रहरीको बिओपी र नेपाल प्रहरी बसेका छन्। टेलिकमको सेवा अवरुद्ध भएसँगै सुरक्षाकर्मीले समेत आफन्त परिवारसँग कुराकानी गर्न पाएका छैनन्।

गत वर्ष संघीय सरकारको विशेष अनुदानमा ब्यास-२ दुम्लीङदेखि तम्बाकु, माल्पा, घाटीबगड, बयली, दोपखे, पोला, गिरकिस्से, बुदी अपिखोला र कुन्तीसाउसम्म २० किलोमिटर बाटो निर्माण तथा मर्मत गरेको छ। त्योभन्दा अहिले पनि नागरिकको लागि हिँड्डुल गर्न पैदल बाटो राम्रो छैन।

गाउँपालिका उपाध्यक्ष विनोदसिंह कुँवरका अनुसार तिंकर सडकमा तुरुन्त आवश्यक बजेट, स्थानीय र सुरक्षाकर्मीलाई नेपालकै खाद्यान्न, आफ्नो भूमि भएर जाने बाटो बनाउनुपर्छ । 'नभए यहाँका नागरिकको लागि हेलिकोप्टरको व्यवस्था गर्नुपर्छ,' उनले भने, 'नागरिकका लागि चाहिने आधारभूत आवश्यकता पूरा गर्न नसक्ने तर जहिल्यै सीमाको विषय बल्झाइरहँदा नागरिकले सास्ती खेप्नुपरेको छ ।'

पर्यटन अभियानकर्मी हिमालय भट्ट नेपालले ओमपर्वतदेखि लिम्पियाधुरासम्मको भू-भाग हाम्रो नै हो भन्ने दाबीलाई व्यावहारिक बनाउन छाङ्गरु तिंकरसम्म तीव्र गतिमा विकास निर्माण कार्य अघि बढाउनु अत्यावश्यक रहेको बताउँछन् । उनका अनुसार विकास निर्माणको कामले गति लिएमात्रै ती भूभाग हाम्रो उपस्थिति प्रमाणित हुने छ ।

अहिले गाउँपालिकाको छाङ्गरुदेखि तिंकर गाउँ जाने तीन काठे पुल सुरक्षाकर्मी, जनप्रतिनिधि र स्थानीयले श्रमदानमा निर्माण गरेको वडाध्यक्ष अशोकसिंह बोहराले बताए । बोहराका अनुसार नाम्पा खोला, तिंकर खोलामा बगाएको काठे पुल अहिले लगाएर आवतजावत गर्न सुरु गरिएको छ । उनले केही ठाउँमा हिँड्डुल गर्न सक्नेगरी बाटो पनि खोलेको तर पशुचौपायासहित हिँड्डुल गर्न भने अझै बाटो नबनेको बताए । उनले भने, 'बाटो निर्माणका लागि ठूलो रकमको आवश्यकता छ, दुई वर्षअघि गाउँपालिकाले ठेक्का आह्वान गरेर पैदलबाटो निर्माण गरेको थियो, तर त्यो पूरै बाढीले कटान गरेपछि तिंकरबासीलाई समस्या भएको छ ।' रासस

■ ■ ■

## कोरियामा...

विदेशी श्रमिकहरू प्राय: प्रभावित हुने यौनहिंसा र कार्यस्थलमा श्रमिकको अपमान गर्ने समस्याको पनि अनुगमन गरिने जनाइएको छ । यसक्रममा विदेशी श्रमिकसँग सही ढंगबाट संवाद गर्न र संवेदनशील विषयवस्तुमा भाषाले समस्या नपारोस् भनेर विभिन्न १७ वटा भाषामा अन्तर्वार्ता गरिने छ ।

यसैबीच, मन्त्रालयका अधिकारीहरूले निष्पक्ष र सुरक्षित श्रम अभ्यासहरू प्रवर्द्धन गर्ने अभियानहरू सुरु गरेको पनि जनाइएको छ । उनीहरूले १७ वटा भाषामा शैक्षिक पर्चाहरू वितरण गरेको राष्ट्रिय प्रहरीसँग हटलाइनहरू स्थापनासमेत स्थापना गरेको बुझिएको छ । युवाहरूको आकर्षक श्रम गन्तव्य मानिएको कोरियामा पछिल्लोपटक रोजगारदाताबाट श्रम अधिकार उल्लंघन भएका घटना सार्वजनिक भएसँगै कोरिया सरकारले यसको विरुद्धमा कडा नीति लिने प्रतिबद्धता जनाएको छ ।

श्रममन्त्री किम योङ-हुनले कोरियाली नागरिक नभएकै कारण विदेशी कामदारहरूमाथि हुने श्रमअधिकार उल्लंघनलाई जरैदेखि उखेल्ने प्रयास गर्ने आश्वासन दिएका छन् । यसका लागि विदेशी नागरिकको शोषणको जोखिममा रहेका कार्यस्थलहरूको निरीक्षण गर्न लागिएको उनले बताएका छन् । श्रमअधिकार हनन भएका सबै कामदारहरूका लागि एकीकृत सहायता प्रणाली स्थापना गर्ने र उनीहरूलाई अधिकार र राहतका लागि विभिन्न पहल गर्ने हुनले बताएका छन् । पछिल्ला वर्षहरूमा कोरियामा विदेशी श्रमिकमाथिको निर्भरता बढ्दै गएको बुझिन्छ । श्रम मन्त्रालयको तथ्यांकअनुसार सन् २०२० यता कोरियाको घरेलु निर्माण उद्योगमा विदेशी कामदारको संख्या झण्डै ३३ प्रतिशतले बढेको छ ।

■ ■ ■

## ई-७ भिसाको...

यसअघि मंगलबार कोरियास्थित नेपाली दूतावासले हालसम्म सीपयुक्त श्रमिकको मागपत्र प्रमाणीकरण गर्न एउटा पनि आवेदन नपरेको जानकारी गराएको थियो। सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधिअनुसार इजाजत प्राप्त संस्था (म्यानपावर कम्पनी)ले ई-७ भिसामा सीपयुक्त कामदार पठाउन पाउने छन्।


**मोटरसाइकल हरायो**

श्री हुलास इन्भेष्टमेन्ट प्रा.लि संस्थाबाट ऋणी कुमार गौतमको नाममा रहेको । निम्न ब्योहोरा रहेको मोटरसाइकल मिति २०८२।०४।३१ गते ल.पु.म.न.पा.-०९, बालकुमारी घरमा पार्किङ गरी राखेको ठाउँबाट बेलुकी २१:०० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

प्रकार – Pulsar 220F
बाई नं. BA Pra 02, 048 PA 8403
चेसिस नं. MD2A13EX9NCM86171
इन्जिन नं. DKXCHM40424
रङ – BLACK/BLUE
सम्पर्क – 9864289537

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।०५।१७ गते का.जि.ता.न.पा. ०५ धितालथोक स्थित पार्किङ गरिराखेको कालो/रातो रङ्को १५० सी.सी पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड
बाइक नं.: बा.प्र. ०२-०५९ प ५२७४
च्यासिस नं.: MD2A11CX75PC73217
इन्जिन नं. : DHXPSC77835
ठेगाना : धितालथोक, काठमाडौं
सम्पर्क नं. ९८५११३२४९७

**बीमालेख हरायो**

मिति: २०८२/०४/१० गते कलंकी देखि लगनखेलसम्म जाँदा मेरो निम्न ब्यहोरा भएको लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल (LIC)को बीमा पोलिसी हराएकोले पाउनुहुने माहानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

नाम : सानु तामाङ्ग
ठेगाना : देवीचौर २, ललितपुर
बीमालेख नं.: ११००६४४२६
सम्पर्क नं.: ९८५१०८५३५६

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०८२/०५/१९

यस कम्पनीको मिति २०८२/०५/०३ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **टोल मल्ट्रिप्रपोज कम्पनी**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/१६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टोटल मल्टिपर्पोज कम्पनी (प्रा.लि.नं. ३२७९८८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**बिनोद श्रेष्ठका नाममा १५ दिने सार्वजनिक सूचना**

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २४ का बिनोद श्रेष्ठ तथा का.म.न.पा. वडा नं ६ सरस्वति नगरस्थित सीता देवि खड्काको घरमा कोठा भाडा लिई बस्दै आउनु भएको तपाई श्री बिनोद श्रेष्ठ विगत २०८१ पौष महिनादेखि भाडा नतिरी सम्पर्कविहिन हुनुभएको भनि घरधनि सीता देवि खड्काले यस वडा कार्यालयमा निवेदन दिनुभएको हुँदा यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्रमा सम्पर्कमा आउनु भई बाँकी बक्यौता रकम चुक्ता गरी घरको कोठा खाली गरीदिनु होला । अन्यथा, कानुन बमोजिम प्रकृया अगाडि बढाइने व्यहोरा सूचित गरिन्छ ।

**का.म.न.पा ६ नं वडा कार्यालय**
बौद्ध, काठमाडौं

**मूल्य सूचीको सूचना !**

यस रिलायन्स सुगर एण्ड **केमिकल ईण्डष्ट्रिज प्रा.लि.**बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए.मिति २०८२/०५/१९ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो मूल्य सूची प्रकाशित गरिएको छ। यस मूल्यमा अन्त:शूल्क तथा मु.अ.कर समावेश छैन।

१. Rectified spirit (Rs) प्रतिलिटर रु.११५/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु.१३५/-
३. Denature Spirit (DS) प्रतिलिटर रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं.२४, बारा

**गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८२।०५।१९ गते**

श्री **लक्ष्मी बगिया सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गाउपालिका वडा नं. १, वगिया**, दाङको वनबाट उत्पादन भई शान्तिनगर गाउँपालिका वडा नं. १, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल, असना, कर्मा, जामुन र सिरिष जातको गोलिया काठ थान ७८५ को ६४०१.३० घ.फि. साल दाउरा १३.०० चट्टा र अन्य मिश्रित दाउरा १.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**


# JUGAL RURAL MUNICIPALITY
## Office Of The Rural Municipal Executive
**Baramchi, Sindhupalchok**
**Bagmati Province, Nepal**

## INVITATION FOR SEALED QUOTATION

**Invitation for Sealed Quotation for Supply and Delivery of Sanitary Pads**

**IFQ No: JRM/SQ/GOODS/02/082-083**

***First Date of publication: 2082/05/19 (04/09/2025)***

1. The Jugal Rural Municipality Office ,Baramchi, Sindhupalchok invites Sealed Quotation from the Registered Suppliers' for the Supply and Delivery of following Goods.

| IFQ No | Description | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|
| JRM/SQ/GOODS/ 02/082-083 | **Supply and Delivery of Sanitary Pads** | 23000 | Rs 1,000 | 2082/06/02 (18-09-2025) at 12:00 hrs | 2082/06/02 (18-09-2025) at 13:00 hrs |

2. The Jugal Rural Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery of Sanitary pads.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jugal Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from www.bopatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account.

   **Name of the Bank:** Kumari Bank Ltd
   **Name of Office:** Jugal Rural Municipality
   **Office Account no.:** 2670247816200004
   **Account Name. :** Ga.1.1 ANTARIK RAJASWA KHATA

5. Sealed bids must be submitted to the office Jugal Rural Municipality by www.bopatra.gov.np/egp on or before 12:00 hrs on **2082/06/02 (18-09-2025)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2082/06/02 (18-09-2025) at 13:00 hrs** at the office of Jugal Rural Municipality, Baramchi Sindhupalchok. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 23000, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 2670247816200004, Account Name: GA 3 DHARAUTI KHATA at Kumari Bank Ltd and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
9. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendment) of GON.
10. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Jugal Rural Municipality notice board and in Official Website.

**Chief Administrative Officer**
**Jugal Rural Municipality**


**साउदीमा रोजगार** कम्पनी : Riyadh Velvet Factory

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ LT. No. 330606 चलानी नं. ६०२४४३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Textile Workers | 5 | 0 | 1800 | ६७,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २६ गते (11th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PALIV
Paliv International Pvt. Ltd.
Aruna Lama Marga-4, Maharajgunj, Kathmandu, Nepal, Tel : +977-1-4518268, 4518716, 5911470
Mobile: 9801070598, E-mail : info.palivinternational@gmail.com, Web: www.palivinternational.com
श्रम ईजाजत नं. ११६४/०७३/०७४

**कतारमा रोजगार** कम्पनी : Golden Nails Landscape & Irrigation

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ LT. No. 330551 चलानी नं. ६०२४४३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 15 | 0 | 1000 | ३८,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | IRRIGATE WORKER(HELPER) | 10 | 0 | 1000 | ३८,७२८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २६ गते (11th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम ईजाजत नं. ४१५/०६०/६१

# प्रहरी महानिरीक्षक थापाको बिदाइ

**काठमाडौं (प्रस)**– सेवानिवृत्त प्रहरी महानिरीक्षक दीपक थापाको बिदाइ गरिएको छ । बुधबार गृहमन्त्री रमेश लेखकले गृह मन्त्रालय आयोजित एक कार्यक्रमकाबीच सेवानिवृत्त हुन लागेका प्रहरी महानिरीक्षक थापालाई शुभकामनासहित बिदाइ गरे ।

उक्त अवसरमा गृहमन्त्री लेखकले आफ्नो कार्यकाल सफलताको साथ सम्पन्न गरी सेवानिवृत्त हुन लागेका प्रहरी महानिरीक्षक थापालाई बधाइ दिँदै सेवा निवृत्तपछिको व्यावसायिक जीवनको उत्तरोत्तर प्रगतिको कामना गरे । सेवानिवृत्त हुन लागेका प्रहरी महानिरीक्षक थापाले राज्यले सुम्पेको जिम्मेवारी निष्ठापूर्वक, व्यावसायिक एवं इमानदारीपूर्वक सम्पन्न गरेको चर्चा गर्दै उनले आगामी दिनमा पनि आवश्यकताअनुरूप राष्ट्रको सेवाका लागि थप महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा व्यक्त गरे ।

कार्यक्रममा गृहसचिव गोकर्णमणि दुवाडीले शान्ति सुव्यवस्था, अमन चयन कायम गर्नेजस्तो महत्त्वपूर्ण र मुख्य जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरी सेवानिवृत्त हुन लागेका प्रहरी महानिरीक्षक थापालाई बधाइ दिँदै सेवानिवृत्त जीवन अझ बढी स्वस्थ, रचनात्मक र क्रियाशील रहोस् भन्ने शुभकामना व्यक्त गरे ।

उक्त अवसरमा प्रहरी महानिरीक्षक थापाले नेपाल प्रहरीजस्तो गौरवशाली तथा नागरिकको अत्यन्तै नजिक रहेको र देशको आन्तरिक सुरक्षाको मेरूदण्डका रूपमा रहेको सुरक्षा निकायको सदस्य भई देश र नागरिकको सेवा एवं सुरक्षामा आफूलाई समर्पित गर्ने अवसर प्राप्त हुनु सौभाग्य र गौरवको विषय भएको बताए ।

उनले आफ्नो कार्यकालको अवधिमा संविधान र प्रचलित कानुनले प्रदान गरेको जिम्मेवारी पूर्ण इमानदार रहँदै पारदर्शी र निष्पक्षताका साथ निर्वाह गरेको उल्लेख गर्दै उक्त अवधिमा नेपाल प्रहरीको समयानुकूल आधुनिकीकरण, सांगठनिक सुदृढीकरण, विकास र स्तरोन्नतिका लागि नेपाल सरकार, गृह मन्त्रालयबाट प्राप्त भएको अभिभावकत्व, हौसला र मार्गनिर्देशनका लागि कृतज्ञता व्यक्त गरे ।

कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, प्रहरी अतिरिक्त महानिरीक्षकहरू, गृह मन्त्रालयका वरिष्ठ अधिकारीलगायतको उपस्थिति थियो ।

### भाषा आयोगको आग्रह

# इम्बोस्ड नम्बर प्लेट नेपाली भाषामै राख्ने व्यवस्था गर्नू

काठमाडौं (प्रस)- भाषा आयोगले सवारीसाधनमा जडान हुने विद्युतीय संकेत (इम्बोस्ड नम्बर प्लेट) नेपाली भाषामा नै हुनुपर्नेमा जोड दिएको छ । सरकारी कामकाजको भाषा नेपाली भाषा नै हुने व्यवस्था नेपालको संविधानको धारा ७ को उपधारा १ मा रहेको स्पष्ट पार्दै आयोगले सवारीसाधनको नम्बर प्लेट अंग्रेजी भाषामा हुने व्यवस्थाप्रति आपत्ति जनाएको छ ।

संविधानले नचिनेको भाषा र लिपीमा नभई नेपाली भाषामा नै इम्बोस्ड नम्बर प्लेट राख्नुपर्ने संवैधानिक व्यवस्था र सर्वोच्च अदालतको फैसलाकोसमेत आयोगले जानकारी गराएको छ ।

सर्वोच्च अदालतले २०८१ असार ९ मा गरेको नेपाली भाषाको वर्णविन्याससम्बन्धी फैसलामा नेपालको संविधानको धारा ७ को उपधारा ३ ले भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुने छ भनी स्पष्ट गरेको पाइन्छ भन्ने प्रावधानबमोजिम सबै तहका सरकारलाई सोहीबमोजिम गर्न गराउन स्पष्ट व्याख्या भएको छ ।

आयोगले आफ्नो संवैधानिक दायित्वसमेत बोध गर्दै देवनागरी लिपीमा विद्युतीय संकेत संख्या राख्न आयोगको यही भदौ १ को निर्णयानुसार नेपाल सरकारको पुनः ध्यानाकर्षण गराइएको आयोगका अध्यक्ष डा. गोपाल ठाकुरले जानकारी दिए ।

# सगरमाथाको फोहोर संकलनमा ड्रोनको प्रयोग




**काठमाडौं**– विश्वको सर्वोच्च शिखर सगरमाथा नेपाललाई विश्वमा चिनाउन बारम्बार प्रयोग भइरहन्छ । नेपालको पर्यटनमा सबैभन्दा महत्त्वपूर्ण योगदान दिएको सगरमाथा हाम्रा लागि धार्मिक, पर्यटन र आर्थिक सबै हिसाबले खास छ । तर पछिल्ला वर्षमा पर्यटक र आरोहीहरूको बढ्दो चापसँगै सगरमाथामा फोहोर थुप्रिँदै जाँदा समस्या सिर्जना भएको छ । जसले वातावरणीय सन्तुलन र हिमाली पारिस्थितिकीय तन्त्रमा गम्भीर चुनौती खडा गरिरहेको छ ।

हिमाललाई जलवायु परिवर्तनको असरबाट बचाउने उद्देश्यका साथ सगरमाथामा भएको फोहोर ढुवानीमा पछिल्लो समय ड्रोन प्रविधिको प्रयोग गरिएको छ । विद्युतीय सवारी बिवाइडीको नेपालका लागि आधिकारिक बिक्रेता साइमक्स इंकले नेपालको ड्रोन कम्पनी एयरलिफ्ट टेक्नोलोजीसँगको समन्वयमा ड्रोनमार्फत फोहोर संकलन गरिरहेको जानकारी दिएको छ ।

साइमक्स इंकका अनुसार कम्पनीले सगरमाथा क्षेत्रबाट एक हजार केजी फोहोर संकलनको लक्ष्यसहित काम गरिरहेको छ । बिवाइडीले विश्वव्यापीरूपमा 'कूल द अर्थ वाइ वान डिग्री' नाराका साथ जलवायु परिवर्तनविरुद्ध सुरु गरेको अभियानअन्तर्गत नै नेपालमा सगरमाथा क्षेत्रमा फोहोर संकलन अभियान सुरु गरेको हो । उक्त अभियान स्वच्छ ऊर्जाको प्रवर्द्धन र शून्य कार्बन उत्सर्जनमार्फत पृथ्वीको तापक्रम वृद्धिलाई नियन्त्रणमा राख्ने उद्देश्यले विश्वव्यापीरूपमा सुरु गरिएको हो र साइमेक्स इंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) साहिल श्रेष्ठले आफूहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत आर्थिक र प्राविधिकरूपमा यस अभियानमा जोडिएको बताए ।

आफूहरूले सगरमाथालाई बचाउन र जलवायु परिवर्तनको न्यूनीकरणका लागि सहयोग पुगोस भन्ने उद्देश्यले आफूहरूले उक्त अभियान सुरु गरेको उनको भनाइ छ । उनले भने, 'सगरमाथा हाम्रो राष्ट्रिय गौरव हो, यसको संरक्षणमा प्रविधिको उपयोग गर्दै सकारात्मक प्रभाव पार्न हामी क्रियाशील छौं, हामी सधैं दिगो विकास र स्वच्छ वातावरणका पक्षमा छौं र यो अभियान त्यसकै निरन्तरता हो ।'

एयरलिफ्ट टेक्नोलोजीका निर्देशक मिलन पाण्डेका अनुसार फोहोर संकलनमा प्रयोग हुने ड्रोनहरूले झण्डै १५ मिटर प्रतिसेकेण्डको गति र १५ डिग्री सेल्सियसको चिसोमा काम गर्न सक्छन् । यसले सगरमाथा क्षेत्रमा सफाइका लागि परम्परागत जोखिम घटाउनेगरी काम गर्ने अपेक्षा गरिएको छ ।

निर्देशक पाण्डेका अनुसार सगरमाथाको माथिल्लो क्षेत्रमा भएको फोहोर ढुवानीमा छ देखि सात घण्टा लाग्ने गरेकामा अब प्रविधिको प्रयोगले भने एकदेखि दुई मिनेटमा सम्भव भएको उनको भनाइ छ । 'विगतका वर्षमा खुम्बु आइफसलमा फोहोर थुप्रिँदा 'रोप फिक्सिङ' र सामान ढुवानी गर्दा धेरैले ज्यान गुमाएको अवस्था थियो, तर अहिले प्रविधिको प्रयोगले फोहोरलगायतका सामान ढुवानी सहजमात्रै भएको छैन कयौं मानिसहरूको ज्यान पनि जोगिएको छ,' उनले भने । उनका अनुसार सगरमाथाको छ हजार १३० मिटरको उचाइमा रहेको फोहोर ड्रोनको प्रयोग गरी आधार शिविरमा ल्याउने काम भइरहेको छ ।

सगरमाथा प्रदूषण नियन्त्रण समिति र खुम्बु पासाङल्हामु गाउँपालिकाको सहकार्यमा फोहोर व्यवस्थापन पनि भइरहेको उनको भनाइ छ । 'हामीले यसअघि सन् २०२४ मा सगरमाथाको क्याम्प-१ बाट २३४ केजी र अमादब्लम हिमालबाट ६४१ केजी फोहोर संकलन गरेका थियौं, यसपटक साइमेक्स इंकको सहकार्यमा सगरमाथा क्षेत्रबाट दुई सय ८६ केजी फोहोर संकलन भइरहेको छ, अब अमादब्लम र मनास्लुबाट फोहोर संकलनको योजना छ,' उनले भने । एयरलिफ्ट टेक्नोलोजीले सगरमाथामा फोहोर संकलनपछि यो अभियानलाई अन्य हिमाली क्षेत्र र राष्ट्रिय निकुञ्जमा विस्तार गर्ने योजना बनाएको छ ।

साइमेक्स इंकका बजार प्रमुख समिर श्रेष्ठका अनुसार गत याममा सगरमाथाको क्याम्प-१ बाट ड्रोनको प्रयोग गरी २८६ केजी फोहोर संकलन भइसकेको छ भने यस याममा थप फोहोर संकलन जारी छ । 'एयरलिफ्ट कम्पनीले यसअघि सगरमाथा क्षेत्रमा रहेको फोहोर संकलन गरेको थियो,' उनले भने, 'यसपटक साइमेक्स इंक र एयरलिफ्ट टेक्नोलोजी मिलेर एक हजार केजी फोहोर संकलन सुरु गरेका छौं ।'

जलवायु परिवर्तनविरुद्धको अभियानमा प्रविधिको महत्त्वपूर्ण भूमिका हुने उल्लेख गर्दै बिवाइडीका बजार प्रमुख श्रेष्ठले फोहोर संकलनमा ड्रोनको प्रयोगले सहज भएको बताए । 'रोप फिक्सिङमा पनि ड्रोनको सफल प्रयोग भएपछि फोहोर संकलनमा ड्रोनको प्रयोग गरेका हौं,' उनले भने ।

नेपाल पर्वतारोहण संघका प्रथम उपाध्यक्ष तथा आरोही मिङ्माडेभिड शेर्पाले आरोहीहरूले सगरमाथामै फोहोर छाड्ने गरेकाले समस्या भएको बताउँछन् । उनले सगरमाथाबाट फोहोर संकलनमा ठूलो खर्च र जोखिम हुने उल्लेख गर्दै प्रविधिको प्रयोगले निकै सहज भएको बताए । उनले भने, 'आरोहीहरूसँग प्रत्येक पटक फोहोरका शीर्षकमा सरकारले केही शुल्क धरौटीका रूपमा राख्छ तर पछि फिर्ता पनि दिन्छ, तर पनि सगरमाथा क्षेत्रमा फोहोर बढ्ने क्रम रोकिएको छैन, यसले समस्या थपिएको छ ।' *रासस*

## Triyuga Municipality
## Office of The Municipal Executive

**Gaighat, Udayapur**

**Koshi Province, Nepal**

# Invitation For Bid

**Date of Publication: - 2082-05-19 (2025-09-04)**

1. Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S.N. | Contract ID | Description & Location of Works | Estimated Amount (without VAT) (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-WORKS-03/2082-083 | Supply and Installation Work for Street Light at Triyuga Municipality, Udayapur | 3,585,748.62 | 3,000.00 | 95,000.00 | 90 days/ 120 days |
| 2 | TM-UDA-NCB-WORKS-04/2082-083 | Construction work of (i) Nespec Office East Sangit School to Triyuga River Road, Tri. Na.Pa.-12, Udayapur & (ii) Niraj Katuwal ko Ghar Dekhi Revti Raman Ko Gharjane Bato, Tri.Na.Pa.-11, Udayapur | 8,590,869.41 | 3,000.00 | 2,30,000.00 | 90 days/ 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| *Office Name* | Triyuga Municipality Office | Lase date of Submission | 2082-06-19 (5th Oct. 2025) Time: -12:00 Hrs. |
| *Name of Bank* | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | 2082-06-19 (5th Oct. 2025) Time: -13:00 Hrs. |
| *Aantarik Rajaswa Khata No.* | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | 2082-06-09 (25th Sep. 2025) Time: -11:00 Hrs. |
| *Rajaswa Shirshak No.* | 14229 | Office Code No. | 80111403300 |
| *Dharauti Khata No.* | GA-3 2090100303000004 (For Bid Security) | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**


**कुवेतमा रोजगार** कम्पनी : MINSOUL COMPANY FOR CATERING

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | LT. No. 330534 | चलानी नं. ६०२४४३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 150 | ६९,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Restaurant (Kitchen Helper) | 2 | 0 | 100 | ४६,०८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २६ गते (11th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**Mauritius मा रोजगार** कम्पनी : PRIME CONSTRUCTION LTD

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | LT. No. 330337 | चलानी नं. ६०२४४३१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenters-Grade II | 25 | 0 | 22300 | ६८,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason (Grade 2) | 50 | 0 | 22300 | ६८,१५५ | | | | | | | |
| 3 | Barbender | 25 | 0 | 22300 | ६८,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: ग्लोबल रिलायन्स ट्रेनिङ सेन्टर, काठमाडौंमा मिति: २०८२ भदौ ३०/३१ र असोज १ गते (15/16/17th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, 9861477936, 9851405368, 9801814417, 9704141922
Tel: +977-1-4960523,4957731, Email : globalreliance03@gmail.com

**मलेसियामा रोजगार** कम्पनी : LAGUNA REDANG ISLAND RESORT SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | LT. No. 330636 | चलानी नं. ६०२४४३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keeping | 11 | 0 | 1700 | ५६,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २६ गते (11th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Mobile: 9851085102, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

**कुवेतमा रोजगार** कम्पनी : STRETCH FITNESS HEALTH INSTITUTE FOR MEN

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | LT. No. 330523 | चलानी नं. ६०२४४३३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 40 | 25 | 90 | ४१,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २६ गते (11th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Index Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

**कुवेतमा रोजगार** कम्पनी : RND CAFE & RESTAURANT COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०५/१५ | चलानी नं.: ६०२४४२८४ | LT.No.: 330362

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DRIVER LIGHT | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६९,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | WAITER/ COFFEE MAKER | 5 | 5 | | 150 | ६९,०१२ | | | | | | | |

**युएईमा रोजगार** कम्पनी : Albait Alakhdar ELECTROMECHANICAL CONTRACTING CO. L.L.C S.O.C | शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/१८ | चलानी नं.: ६०२४४२८३ | LT. No.: 330499

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Const. Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason For Plaster./ Block | 5 | 0 | | 1500 | ५७,४८० | | | | | | | |
| 3. | STEEL FIXER | 3 | 0 | | 1500 | ५७,४८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २६ गते (11 September, 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# गोंगबु घटना : देश 'ग्रे लिस्ट'मा पर्नुको एउटा कारण

**काठमाडौंको गोंगबुमा एक व्यक्तिको घरबाट प्रहरीले मंगलबार सवा चार करोड नगद र नौ किलो सुन बदामद गर्‍यो । गोरखा उद्योग वाणिज्य संघका पूर्वअध्यक्षसमेत रहेका विनोद श्रेष्ठको घरबाट बरामद भएको यो सम्पत्ति २० करोड रुपैयाँ बराबरको हो । प्रहरीले यस्तै सूचनाको आधारमा बुधबार नयाँबजार क्षेत्रमा छापा मार्दा केही रकम भेटेको दाबी गरे पनि त्यसबारे केही सूचना बाहिर ल्याएको छैन ।**

**हुण्डी, मिटरब्याज, धितोकर्जाजस्ता कारोबार नेपालमा खुलेआम भइरहेको छ भन्ने विषय यो घटनाबाट प्रस्ट हुन्छ । यस्तै वित्तीय अपराध घटाउन सरकारले माखो मार्न नसकेपछि गत फागुनमा विश्वव्यापी अनुगमन गर्ने फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)ले नेपाललाई 'ग्रे लिस्ट'मा राखेको हो ।**

**बैंकिङ क्षेत्रका आफू अनुकूल परिभाषा, ब्याजदरमा मनपरि, आतंकवादी लगानीजस्ता विषयका कारण नेपाललाई एफएटिएफले पहिलेबाटै चेतावनी दिँदै आएको थियो सुधार्न । तर सरकारले कान थुनेर बस्यो । त्यसैको प्रतिफल अहिले आर्थिक क्षेत्र डामाडोल बनेको छ । बैंकमा ब्याजदर घटेसँगै बैंककै मानिसहरू मिटरब्याजी बन्न थालेका बताइन्छ ।**

**सरकारले तोकिदिएको सीमाअनुसार कारोबार गर्न नमिलेको भन्दै मिटरब्याजीहरूले आफ्नै घरलाई अड्डा बनाएका छन् । गोंगबुको त्यो घर एक उदाहरणमात्र हो, यहाँ सरकारकै उच्च निकायमा बस्नेहरू बिचौलिया पोस्ने र मिटरब्याजीहरूलाई सघाउने गर्छन् । श्रेष्ठले भनेको नै पत्याउने हो भने नेपाल प्रहरीका उच्च अधिकारीहरूसमेत मिटर ब्याजमा पैसा लगाउन उनको दोकान पुगेको देखिन्छ ।**

**मिटरब्याजमा जोडिने उच्च तहका राजनीतिक नेताहरू पनि छन् । हरेक क्षेत्रलाई पारदर्शी बनाउन अनलाइन प्रणालीमा जानु आजको आवश्यकता हो । तर सरकारले सीमित दायरा बनाउने काम गर्दा सरकारप्रति विश्वासनीयता घट्दो छ । जसका कारण अहिले देशमा विदेशी लगानी ह्वात्तै घटेको छ । दातृ निकायहरूले आफ्नो अनुदानमूलक कामहरूबाट हात झिकेका छन् । जसका कारण युवाहरू रोजगारीका लागि विदेश जान बाध्य छन् । आर्थिक सन्तुलन कायम गर्न नसक्दा अबको केही वर्षमै नेपालले जनसंख्याको समस्या झेल्दै छ ।**

**यसले झनै देशको अधोगति सुरु हुने छ । दुई ठूला दल मिलेर बनेको बलियो सरकारले सुशासनको नारा घोकेको धेरै भइसक्यो । तर सानासाना विषयमा पनि सुधार ल्याउन सकेको छैन । जसकारण विनोदजस्ता धेरै व्यक्ति खुलेआम मिटरब्याजी धन्दामा लागेका छन् । जनताको आक्रोश यसैमा हो । प्रशासन 'ओपन सेक्रेट' शैलीमा यसलाई अनदेखा गर्छ । अर्थतन्त्र सुधार्ने हो भने तत्काल प्रभावकारी संयन्त्र बनाए समस्याको समाधान गरियोस् ।**

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरु

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो । त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ । जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि । सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ ।

### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरु

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन् । त्यसैले सावधानी अपनाउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदातामात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।
- कुनै समस्यामा परिहाले कसलाई सम्पर्क गर्ने भन्ने पूर्वतयारी अवस्थामा रहनुपर्दछ । त्यस्तो अवस्थामा गोप्य तरिकाले सम्बन्धित निकाय, संस्था वा व्यक्तिलाई सहयोगको याचना गर्नुपर्दछ ।
- पहिलोपटक वैदेशिक रोजगारीमा गएका महिला कामदारले विशेष सावधानी अपनाउनुपर्दछ । त्यहाँको वातावरणमा घुलमिल हुन केही समय लाग्ने हुँदा आफूलाई आफैंले स्वनियन्त्रणमा राखी काम गर्नुपर्दछ ।

# संकटमा राष्ट्रसेवा



■ अमलकिरण ढकाल

> राज्य सञ्चालनको मूल आधार रहेको सार्वजनिक सेवाका नियुक्तिहरु खुला प्रतिस्पर्धाभन्दा राजनीतिक निष्ठाको आधारमा हुने गर्दा योग्य व्यक्तिहरु वञ्चित हुनुपर्ने स्थिति बन्न गएको छ । संरक्षणको आधारमा नियुक्त व्यक्तिहरूको कारण अयोग्यता र भ्रष्टाचारलाई प्रश्रय मिल्दै गएको देखिन्छ । स्वार्थप्रेरित भावनाले धन, पद, प्रतिष्ठा, प्रचार र सुख सुविधाका लागि आफ्नो कर्तव्य बिर्सी जस्तोसुकै सौदाबाजी गर्न उद्दत हुने परिस्थिति बन्दै गएको छ । यसबाट समाजका सदस्यहरूबीच पारस्पारिक सन्देहका साथै राज्यका जिम्मेवार निकायहरूमा कार्यरतहरूप्रति आस्था र विश्वास घट्दै गएको छ ।

'म प्रचलित संविधान/कानुनप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि मुलुक र जनताको सोझो चिताइ पक्षपात, पूर्वाग्रह नगरी इमानदारीका साथ आफ्नो कर्तव्य पालन गर्ने छु र पदीय गोपनीयता अन्यत्र कतै प्रकट गर्ने छैन ।'

नेपालका सबै संवैधानिक पदाधिकारीहरूले राष्ट्रसामु गर्ने प्रतिज्ञा एवं शपथको मूलभूत सार यही हो । यसैगरी नेपालको विभिन्न सार्वजनिक सेवाका राष्ट्रसेवकहरूले आफूलाई तोकिएको काम ज्ञान विवेकले जानेबुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी देश, जनता र सरकारप्रति वफादार रही कर्तव्यपालन गर्ने छु, गोप्य कुरा अन्यत्र कतै प्रकट गर्ने छैन भनी सेवा प्रवेश हुँदा प्रतिज्ञा गरेका हुन्छन् ।

राष्ट्र र जनतासामु यस्तो प्रतिज्ञा गरी राज्यको सार्वजनिक जिम्मेवारीमा रहने 'राष्ट्रसेवकहरू'को परिभाषा व्यापक छ । भ्रष्टाचार निवारण ऐन, २०८१ मा गरिएको राष्ट्रसेवकको परिभाषामा राज्यको अख्तियार पाएको, सरकारी कोषबाट पारिश्रमिक वा अन्य सुविधा लिने, सार्वजनिक संस्थाको हैसियत वा अन्य कुनै लाभ पाउने, सार्वजनिक काममा सम्बद्ध सबैलाई समावेश गरिएको छ । यसरी राष्ट्रको कार्यकारी, न्यायिक र विधायिकामा रहेका सबै पदाधिकारी, निजामती, जंगी, प्रहरी, जनप्रतिनिधि र सार्वजनिक सेवासँग सम्बद्ध सबै प्रतिष्ठित जनशक्ति राष्ट्रसेवामा रहेको देखिन्छ ।

सार्वजनिक प्रतिस्पर्धामा आफ्नो योग्यता वा क्षमताको आधारमा छनोट भई आउने राष्ट्रसेवकहरू आफैंमा अब्बल रहने अपेक्षा हुनु स्वाभाविकै हो । सोहीअनुरूप राष्ट्रसेवकका लागि राज्यकोषबाट पारिश्रमिक, विशेष सेवा सुविधा, सम्मानित दर्जा, हैसियत र अख्तियारी प्रयोग गर्ने अवसर पनि कानुनद्वारा नै प्रदान गरिएको हुन्छ । राष्ट्रसेवकहरूलाई राज्यका काम कारबाहीहरू स्वच्छ, निष्पक्ष, पारदर्शी र जिम्मेवारीपूर्वक निर्वाह गर्न सहज हुनेगरी संविधानको अधीनमा रही विभिन्न ऐन, नियम, नीति, निर्देशन, मापदण्ड र आचारसंहितासमेत निर्धारण गरिएको हुन्छ ।

यसैगरी संस्थागत संरचना, आवश्यक स्रोत साधन र जनशक्ति परिचालन गर्ने व्यवस्थासमेत भएको हुँदा इच्छाशक्ति भएमा राष्ट्रको सेवा गर्न कुनै कुराको कमी रहेको देखिन्न । स्वयं राष्ट्रसेवकहरूमासमेत उत्कृष्ट र मर्यादित भइरहने चाहना हुन्छ । इमान्दारीपूर्वक काम गर्नेहरूका लागि मान, सम्मान र पुरस्कारकोसमेत व्यवस्था र अर्कोतर्फ बदनियत र भ्रष्टाचारजन्य कार्यतर्फ उन्मुख भएको खण्डमा दण्ड, सजाय, घृणा, तिरस्कारको सामना गर्नुपर्ने कुरा पनि ज्ञात भएकै हुन्छ । यस्तो स्थितिमा सकारात्मक मर्यादित दिशातर्फ जानेहरूको तुलनामा नकारात्मक दण्डित दिशातर्फ लाग्नेहरूको संख्या सामाजिक सञ्जाल एवं नियमन निकायको प्रतिवेदनमा अत्यधिक बढेको देखिनु सोचनीय विषय हो । यसबाहेक राज्यले नियालेर खोज्ने हो भने भ्रष्टाचार गरेर लुकाइएका, दबाइएका, नभनिएका र नसमातिएका कारबाही गर्नुपर्नेहरूको सूची लामो बन्न सक्ने देखिन्छ ।

राष्ट्रले उत्कृष्ट मानेका र प्रतिज्ञाबद्ध राष्ट्रसेवकहरू विचलित भई सजायको भागीदार बन्नुपर्ने, हत्कडी लाग्ने र जेलनेल जानुपर्नेसम्मको परिस्थिति किन बन्छ ? राष्ट्रसेवामा प्रवेश गर्दा लिएको शपथ किन व्यवहारमा लागू हुन सक्दैन ? राष्ट्रसेवाका पदमा निष्ठापूर्वक काम गर्दासमेत फसिने पो हो कि भन्ने त्रासमा रहनुपर्ने परिस्थिति आखिर हुन्छ किन ? के यो समाज विकासको स्वाभाविक नियति हो वा मानवमा अन्तर्निहित गुणदोषको अनिवार्य परिणति हो वा राज्यको नीतिगत पद्धतिको कमजोरी पनि हो ? जनसेवाका पदहरूमा निस्कलंक कार्यसम्पादन गरी निवृत्त हुने सुनिश्चित परिस्थिति किन बन्न सक्दैन ? प्रतिज्ञाबद्ध राष्ट्रसेवकमाथि यति साह्रो अविश्वास हुन्छ किन ? हामी सबैका सामु गम्भीर मननको विषय खडा भएको छ ।

नेपालको राज्य व्यवस्थाको संरचना जटिल र विस्तारित हुँदै गएको छ । निर्णय प्रक्रियामा धेरैको संलग्नता हुँदा त्यसभित्रका केहीको बदमासीको शिकार सबै हुनुपर्ने र दण्ड सजायको अन्तिम परिणति आउन वर्षौं लाग्ने परिस्थिति बन्दा न्यायिक निरूपण उत्प्रेरित गर्ने किसिमको देखिन्न । नेपालको सार्वजनिक सेवामा आएका समाचारहरू हेर्दा बद्नियत गर्ने खास व्यक्ति तत्काल र सोझै दण्डित हुनेभन्दा शंकाको घेरामा रहेका सबैको अनुसन्धान हुनुपर्दा इमान्दारीपूर्वक काम गर्नेहरू पनि राष्ट्रसेवाको एम्बुसमा पर्ने त्रासको वातावरण बन्न गएको छ । यसबाट सरल र सहज रूपमा हुनसक्ने काम भरसक पन्छाउने र अनावश्यक लम्ब्याउने प्रवृत्ति बढ्दा मुलुकको कार्यसम्पादनमा प्रतिकूल असर पर्न गएको देखिन्छ । समाजका उत्कृष्ट योग्य प्रतिभावान् व्यक्तिहरूका लागि राष्ट्रसेवामा जान उत्साहित हुनुभन्दा अन्यत्र लाग्न प्रेरित गर्ने परिस्थिति बन्दै गएको छ ।

नेपालको राष्ट्रसेवामा क्रमिकरूपले संस्थागत हुँदै गएको भ्रष्टाचारको परिणाम हो यो । भ्रष्टाचार नयाँ घटना होइन, यसको ऐतिहासिक जरा देशको राजनीतिक, प्रशासनिक, आर्थिक र सामाजिक संरचनामा गहिर ेरूपमा गाडिँदै गएको तथ्य सार्वजनिक भएका प्रतिवेदनहरूबाट देखिन्छ । सरकारी कार्यालयहरू, स्थानीय निकायहरू र जनसेवा संस्थाहरूजस्ता नागरिक केन्द्रहरू सेवाभन्दा भ्रष्टाचारको अड्डाको रूपमा परिणत हुनु गम्भीर चिन्ताको विषय हो । यस अतिरिक्त प्रहरी प्रशासन, स्थानीय सेवा, सिफारिस र न्याय सम्पादनका क्षेत्रसमेत भ्रष्टाचारबाट अछुतो रहेको देखिन्न ।

यसैगरी राष्ट्रको विकास बजेट दुरूपयोग र दोहन भएको उजुरीहरू प्रशस्तै देखिन्छन् । सरकारको आर्थिक कार्यसम्पादन प्रभावकारी नभएको कारण २०८२ साल वैशाखमा प्रस्तुत प्रतिवेदनमा सात खर्ब ३३ अर्ब १९ करोड रुपैयाँ बेरूजु महालेखापरीक्षकको अभिलेखमा छ । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र बनेपछि पनि सार्वजनिक पद नागरिकलाई सेवा दिनेभन्दा व्यक्तिगत लाभको साधनको रूपमा लिने पुरानो मानसिकतामा खासै परिवर्तन नभएका उदाहरण हुन् यी ।

देशमा सुशासनयुक्त राष्ट्रसेवाको व्यवस्थापन गर्ने प्रमुख दायित्व सरकारको हो । संसदीय व्यवस्थामा सरकारका निर्णयहरू प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्बाट हुने र मन्त्रिपरिषद्कै निर्देशनमा समग्र प्रशासनिक संयन्त्र सञ्चालन हुने व्यवस्था छ । अनि, मुलुकमा हुने भ्रष्टाचार रोक्ने सामार्थ्य पनि मुख्यरूपमा मन्त्रिपरिषद्मा नै हुने देखिन्छ । यस सन्दर्भमा हेर्दा नेपालमा हुने गरेको भ्रष्टाचारमध्ये संस्थागत, प्रणालीगत र पटके भ्रष्टाचारभन्दा नीतिगत भ्रष्टाचारको आकार र प्रभाव दुवैमा अधिक छ । सरकारको ऐन, नियम, नीति र निर्णयमासमेत व्यापारिक, शैक्षिक वा औद्योगिक संस्था समूहको स्वार्थ गासिएको हुँदा स्वच्छ, निष्पक्ष हुन नसकेको बुझाइ छ ।

राज्य सञ्चालनको मूल आधार रहेको सार्वजनिक सेवाका नियुक्तिहरू खुला प्रतिस्पर्धाभन्दा राजनीतिक निष्ठाको आधारमा हुने गर्दा योग्य व्यक्तिहरू वञ्चित हुनुपर्ने स्थिति बन्न गएको छ । संरक्षणको आधारमा नियुक्त व्यक्तिहरूको कारण अयोग्यता र भ्रष्टाचारलाई प्रश्रय मिल्दै गएको देखिन्छ । स्वार्थप्रेरित भावनाले धन, पद, प्रतिष्ठा, प्रचार र सुख सुविधाका लागि आफ्नो कर्तव्य बिर्सी जस्तोसुकै सौदाबाजी गर्न उद्दत हुने परिस्थिति बन्दै गएको छ । यसबाट समाजका सदस्यहरूबीच पारस्पारिक सन्देहका साथै राज्यका जिम्मेवार निकायहरूमा कार्यरतहरूप्रति आस्था र विश्वास घट्दै गएको छ । राज्यका प्रतिष्ठित व्यक्तिले नीति, सिद्धान्त र भाषणमा जस्तोसुकै राष्ट्रसेवाको अभिव्यक्ति दिए पनि आखिर सबै आफ्नो निहित 'स्वार्थ सेवा'का लागि गरिएको नाटकमात्र हो भन्ने दुःखलाग्दो भाष्य सार्वजनिक हुन पुगेको छ । यस्तो स्थितिले मुलुकमा कुशासन गहिरिँदै जाँदा समग्र राष्ट्रसेवा नै तनाव र वितृष्णाबाट प्रताडित हुनु सोचनीय विषय हो ।

यसरी राष्ट्रसेवा संकटमा पर्दै गएको कारण आवश्यक सेवासुविधा पाउन कठिन बन्दा समाजका विपन्न र कमजोर वर्गहरूमा लोकतन्त्र र शासन प्रणालीप्रतिको विश्वास घटेको छ । शासन प्रणालीप्रति अविश्वास आउन नदिन सुशासनयुक्त समाज बनाउनु नै सर्वोपरि उपाय हो । सुशासन कायम भएको अवस्थामा नै राज्यका स्रोत साधनहरू विवेकपूर्वक परिचालन भई राष्ट्रका यावत् मामिलाहरूको न्यायिक निरूपण हुन सक्दछ । तसर्थ, सार्वजनिक सेवामा पारदर्शिता, जवाफदेहिता, जनसहभागिता, नियमबद्धता, कार्यशीघ्रता र न्यायिक निष्पक्षताजस्ता पक्षमा सुधार ल्याउन आवश्यक छ ।

सुशासन अभिवृद्धिका लागि सदाचार, सादा जीवनपद्धति, नैतिक शिक्षा, असल सिकाइको अनुकरण, राम्रा कर्मचारीको सम्मान र अनुचित दबाब नियन्त्रण गर्ने वातावरण बनाउनुपर्दछ । यसका साथै, सार्वजनिक सचेतना, सशक्त नागरिक निगरानीबाट सुशासन कायम गर्न सघाउ पुग्दछ । सेवाग्राहीमा राज्यका सेवा र सुविधाबारे आवश्यक जानकारीको कमीले सेवामा जटिलता आइरहेको हुँदा कार्यालयमा सहजीकरण कक्ष, सरोकार परामर्श, सहभागीमूलक व्यवहार, सिटिजन जुरीको गठनजस्ता कार्यमा जोड दिनुपर्ने देखिन्छ ।

मुलुक सञ्चालनको मूल आधार राजनीति रहेकाले स्वच्छ, निष्पक्ष, न्यायिक राज्य व्यवस्था कायम हुनेगरी शासन प्रणालीमा सुधार ल्याउनु जरूरी देखिन्छ । राज्य व्यवस्थाको प्रमुख जिम्मेवारीमा रहने राजनीतिक नेतृत्वको दृढ इच्छाशक्ति महत्त्वपूर्ण मानिन्छ । तसर्थ, यस्तो परिस्थिति निर्माणका लागि जनस्तरबाट निष्ठावान् नेतृत्व आउनसक्ने अनुकूल वातावरण बनाउनु नै अहिलेको समस्याको ठोस समाधान हो ।

यसैगरी, राष्ट्रसेवालाई कलंकित पार्ने भ्रष्टाचारमा कमी ल्याउन आर्थिक स्वनिर्भरतामा जोड दिनुपर्ने र सोअनुरूपका आर्थिक संरचनाहरूको निर्माण एवं उत्पादन, आयवृद्धि, बजार विनिमय र उपभोगको तारतम्य मिलाउनुपर्ने देखिन्छ । राष्ट्रसेवकहरूले पाउने न्यून तलब सुविधाबाट बढ्दो पारिवारिक आवश्यकताहरू परिपूर्ति गर्न कठिन भइरहेको स्थितिले भ्रष्टाचारतर्फ प्रेरित गरिरहेको देखिँदा जीवनस्तर अनुरूपको तलब भत्ता र सुविधाको व्यवस्था गरी सदाचार, इमान्दारिता र सरल जीवन पद्धतिप्रति उत्प्रेरित गर्नुपर्ने देखिन्छ ।

कानुनको प्रभावकारी कार्यान्वयन गरी सबै प्रकारका दण्डहीनताको अन्त्य गर्नु नै राष्ट्रसेवालाई भ्रष्टाचारको एम्बुसबाट बचाउने अर्को सशक्त उपाय हो । राज्यका जिम्मेवार निकाय मन्त्रालय, विभाग, संघ, प्रदेश, स्थानीय तहका कार्यालयहरूमा दायित्वबोध गराउनुको साथै कानुनको पालना गराउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, विशेष अदालत, राजश्व अनुसन्धान विभाग, संसदीय लेखा समितिलगायत राज्यका सक्षम निकायहरूले निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक समेतका विधिहरू प्रभावकारी बनाउनु वाञ्छनीय छ । राज्यका नियमन निकायहरूले वस्तुनिष्ट वैज्ञानिक सूचना प्रविधि, सघन अनुसन्धान पद्धति अपनाई भ्रष्टाचार कारबाहीको फितलो अनुसन्धान, कमजोर अभियोजन, प्रमाण कागजात र प्रविधिमा सुधार ल्याई अभियुक्तले सहजै सजायबाट उन्मुक्ति पाउने स्थितिको अन्त गरिनु पर्दछ ।

नेपाली समाजमा विद्यमान भ्रष्टाचारजन्य विकृति, विसंगति र विचलनबाट संकटग्रस्त बन्दै गएको राष्ट्रसेवामा रूपान्तरण ल्याई जनतालाई स्वच्छ, निष्पक्ष र सुलभ सेवा दिनु वर्तमान परिस्थितिमा चुनौतीपूर्ण नै छ । तथापि, राष्ट्रसामु गरेको प्रतिज्ञा अनुरूप सेवा गर्ने दृढ इच्छाशक्ति भएमा राष्ट्रसेवाको आदर्श कायम राखी मुलुकमा सुशासन, न्याय र समृद्धि हासिल गर्न नसकिने कुनै कारण देखिन्न । *रासस*

# फर्पिङको हरिशंकर जात्रा



✍ पदम श्रेष्ठ

काठमाडौं उपत्यकामा परम्परागत प्राचीन बस्ती निर्माण गरिँदा नै कम्तीमा दुईवटा त्यो बस्ती नगरको पहिचान पुग्ने जात्रा पर्व सञ्चालन गरेको पाइन्छ । काठमाडौं महानगरको मौलिक पहिचानमुखी जात्रा इन्द्रजात्रा, पाहाँचह्रे (घोडेजात्रा), सेतो मच्छिन्द्रनाथको जात्रा हुन् भनिएझैं भक्तपुरको विस्का जात्रा, तायमचा जात्रा, पाटन ललितपुरको रातो मच्छिन्द्रनाथको जात्रा र इतिल्हने पञ्चदान, कृष्णाष्टमी मेला भव्य मनाइन्छ । काठमाडौं उपत्यकाको दक्षिणमा अवस्थित ऐतिहासिक बस्ती फर्पिङको पहिचान बोकेका जात्रा हुन् हरिशंकर जात्रा र बज्रयोगिनी जात्रा । दसैंअघि भदौ कृष्ण द्वादशीदेखि आश्विन कृष्ण एकादशीसम्म हरिशंकर जात्रा मनाइन्छ ।

आज भदौ १९ गतेदेखि ३३ कोटी देवीदेवताको प्रतीक झम्केश्वरी आह्वान गर्दै जात्रा सुरु हुँदै छ । गोपालेश्वर र दक्षिणकालीलाई मूल मानी पशुपतिबाट आउने कनफट्टानाथ गुरु श्रीसनाथको सामूहिक उपस्थितिमा ३३ कोटी देवीदेवताको पूजा र झम्केश्वरी दरवार गुहचेदेवी पीठ नजिक तलेजुमा द्वादशीको बिहानै दक्षिणकालीका पूजारी प्रकाशमान कर्माचार्यद्धारा बोका बलि दिइएपछि जात्रा सुरु भएको मानिन्छ । फर्पिङको पहिचानमुखी जात्रा बज्रयोगिनी जात्रा सम्पन्न भएलगतै दसैंको आगमन हुने हरिशंकर जात्रालाई देशका देवीदेवता जगाउने र देशमा शान्ति, समृद्धि कायम गर्ने पर्वका रूपमा लिइन्छ ।

भदौ १९ गते गोपालेश्वर खटलाई आगंछेबाट कोटाल पाटीमा ल्याएर रातभरि पूजा गरी राखिन्छ । चतुर्दशीको दिन २१ गते शेषनारायण र गोपालेश्वरका राजोपाध्याय र कर्माचार्य पुजारीले फर्पिङका देवीदेवताहरूलाई धागो (पुधिका) चढाएर रातभरि यज्ञ-होमादि गर्दछन् । अमात्यलाई यजमान राखिने यस परम्परालाई 'पुच्छा यायगु' भनिन्छ ।

भाद्रशुक्ल पूर्णिमा (२२ गते) हरिशंकर जात्राको प्रमुख पूजा दिउँसो १२ बजेदेखि गोपालेश्वरको खट तयार गरी अपराह्न ४-५ बजेतिर चतुर्मुखी शिवलिंगजस्तै सुनको जलप लगाएका गोपालेश्वर खटमा राखिन्छ । गहना-लुगाद्वारा सिँगारिएका देवतालाई राजप्रतिनिधि स्वरूप रीतिअनुसार थकु जुजूको थकालीद्वारा पूजा गराइन्छ । सेतो जामा सेतै फिता लगाई पूजा गर्ने थकु जुजूलाई राजोपाध्यायले पूजा गराउँछ । चारजना विसेतले ६० जनालाई खट बोकाउँछ र कोटालपाटीमा राखिन्छ सार्वजनिक पूजाका लागि ।

आश्विनकृष्ण चौथी (भदौ २६ गते) दिउँसो कोछु टोलमा कुमारी (तिलविक्रमेश्वर), थल्कु टोलमा नीलवाराही (अघोरेश्वर), यल्खुमा इन्द्रायणी (नन्दिकेश्वर), थथेप टोलमा शेषनारायणको खट, थैवटोलमा लमीद्यो (महालक्ष्मी) र टिपीमा कंग (दक्षिणकाली) खट तयार र जीवन्यास गर्न पूजारीद्वारा पीठबाट 'जीवघट' ल्याई स्नान गराइन्छ । अष्टमीका दिन बलि पूजा गरिन्छ ।

आश्विनकृष्ण नवमी (भदौ ३१ गते) नवमी छोयला बु का दिन देवीलाई राँगा बलि दिई मासु सातै टोललाई बाँडिन्छ । राति ९ बजे धिमेका साथ दक्षिणकाली खट टिपीटोलबाट जात्रा गर्दै कोछु, यल्खुहुँदै थल्खु टोल पुर्‍याउँछन् भने यल्खुको इन्द्रायणीलाई टिपी टोल, कोछु घुमाइन्छ । सोही रात कर्माचार्य र विसेत जातिद्वारा बौलोंह रक्त भैरवलाई कोछु टोलमा बोका बलि दिन्छन् । सो बोकाको खप्पर खुइल्याई श्रीकुमारी रथको टाकलमुनि भुजुंगोमा पकाएको भात सातै टोलका विसेतले दोबाटो- चौबाटोमा छर्दछन् । नायाखिं बाजाका साथ भात छर्ने प्रथालाई 'भुया वनेगु' भनिन्छ । भूतगणलाई पकाएको भात छर्ने र 'छोयला बु' खाइन्छ ।

आश्विनकृष्ण दशमीका दिन बिहानै कोर्पु टोलका स्वच्छन्द भैरवलाई कर्माचार्यद्वारा पूजा र बोका बलि दिइन्छ । भैरवको प्रसाद र तामाको घ्याम्पाभरि जाँड राखिन्छ । कोटाल टोलबाट रक्सीसहितको प्रचण्ड भैरव(क्वचाद्यो) सँगै त्रिशूल, डमरु लिएकाहरूले देश परिक्रमा गराउँछन् । क्वँचाद्यो जात्रा दसैं पञ्चमीको दिन काठमाडौंको पचलीभैरवमा गरिने भैरव जात्रासँग मिल्ने गर्दछ सोही दिन राति १०-११ बजे शेषनारायण र महालक्ष्मीको खट जात्रा नगर परिक्रमा गराइन्छ ।

जावु पूजाः असोज १ गते घर घरमा भात पाक्छ भोलि पल्टदेखि भात पकाएर जुठो पार्न हुँदैन भन्ने मान्यता रहेको हुन्थ्यो । मूल जात्राः असोज २ गते आश्विन एकादशी मुल जात्राको दिन, ज्वाइँ-चेलीलाई भोज खुवाइन्छ ।

चक्रपूजामा कोछु टोलमा नौवटा जाँडको घ्याम्पा राखिन्छ । साथै सात महिना सात दिनको राँगो र कालो वा रातो रङको भालेलाई पशुपति गोरक्षपीठका कनफट्टा जोगीले राति १० बजे जुगीचक्रमा एकैचोट काटिन्छ । लगतै कुमारी, गोपालेश्वर र महालक्ष्मीको तीन खट देश घुमाइन्छ । शेषनारायणको खट झम्केश्वरी परिक्रमा गराई 'या लोहं' नघाइन्छ । सो ढुंगा नाघ्यो भने 'या न्यात्' भनी भोलिपल्ट समापन पूजा हुन्छ । यसका लागि जिम्मावाल थकु जुजु, शेषनारायण, दक्षिणकाली, वज्रयोगिनीका पूजारीहरू, कौ, नौं, भाः बाजा खलःलाई एक-एक पाउ सिन्दूर बाँडेर द्वादशीको दिन पूजा सकिन्छ । हरिशंकर जात्राका खटहरू देश घुमाइ झम्केश्वरीमा गोपालेश्वर, इन्द्रायणी, कंग, नीलवाराही, महालक्ष्मी, कुमारी, शेषनारायण राख्ने गरिन्छ ।

आश्विन त्रयोदशीः असोज ३ गते दिउँसो १२ बजदेखि नै सिन्दुरे जात्रासहित बाजागाजाका साथ गोपालेश्वर खट फर्पिङको सातै टोल घुमाएर पोडे टोलमा योम्हरीले पूजिन्छ । नायखिं, मुहाली आदि बाजा बजाउने खडगी, पोडे, कुश्लेहरूलाई दही-चिउरा, योम्हरी फलफूल बाँडिसकेपछि गोपालेश्वर पुर्‍याई 'नाङगोल' पूजा हुन्छ । चतुर्मुखी देवतालाई गोपालेश्वर लिंगोमा चार दिनसम्म हवन-पूजा आगंछेमा राख्न लगिन्छ । यसरी यस वर्षको फर्पिङको मूल हरिशंकर जात्रा सम्पन्न हुने गर्दछ ।

हरिशंकर जात्राको सात्विक अर्थ शेषनारायण र गोपालेश्वर महादेवको नाउँबाट आएको हो तर यो जात्रामा मुख्य पूजा दक्षिणकालीको हुने गर्दछ । हरि भन्नाले शेषनारायणलाई लिइन्छ भने शंकर गोपालेश्वर महादेव तर पनि दक्षिणकाली मातालाई नै मूलरूपमा किन लिइन्छ भने काठमाडौं उपत्यकाका हरेक नेवार बस्तीजस्तै फर्पिङ पनि मातृशक्तिलाई मूल मान्ने बस्ती नै हो । फर्पिङको हरिशंकर जात्रालाई यस बस्तीको पहिचान दिने पर्वका रूपमा पनि लिइन्छ ।

आदिकालमा दसैंलाई भन्दा बढी देशको पहिचानमुखी हरिशंकर जात्रालाई विशेष प्राथमिकताका साथ मनाइन्थ्यो । वर्तमानमा यो जात्रालाई पर्यटन प्रवर्द्धनको माध्यमका रूपमा पनि मनाउने गरिँदै आएको पाइन्छ ।

# मुस्ताङ कारागारः एउटै भवनमा कैदीबन्दी र सुरक्षाकर्मी



**मुस्ताङ–** जोमसोमस्थित कारागारमा कैदीबन्दी र सुरक्षाकर्मी एउटै भवनमा बस्न बाध्य छन् । कारागार भवनको दुई कोठामा कैदीबन्दी र अन्य तीनवटा कोठामा त्यहाँ कार्यरत सुरक्षाकर्मी बस्ने गरेका छन् । एउटै कारागार भवनमा कैदीबन्दी र सुरक्षाकर्मीको निवास हुँदा विभिन्न खालका समस्या तथा चुनौती देखापर्ने गरेका छन् ।

आधा शताब्दीभन्दा धेरै पुरानो यहाँको कारागार भवन ढुंगा र माटोले बनेको छ । भवनको छत यहाँको सक्खर माटो बिच्छ्याएको छ । एउटै भवनमा कैदीबन्दी र सुरक्षाकर्मीको आवास स्थान रहेकाले त्यहाँका सुरक्षाकर्मीलाई निकै समस्या पर्ने गरेको पाइएको छ । वि.सं. २०३७ मा स्थापना भएको मुस्ताङ कारागार भवनको आवश्यक भौतिक संरचना निर्माण नहुँदा त्यहाँ बस्ने कैदीबन्दी र सुरक्षाकर्मीले सास्ती भोग्न बाध्य छन् ।

हाल कारगार भवनमा पानी चुहिन थालेपछि जस्ताले छाइएको छ । त्यही कारागार भवनमा सुरक्षाकर्मीमात्रै होइन त्यहाँका प्रशासनिक कर्मचारीसमेत बस्ने गरेका छन् । धेरै पहिला बनेको ढुंगा र माटोले निर्मित कारागारको जीर्ण भवन स्तरोन्नति नहुँदा कैदीबन्दी, सुरक्षाकर्मी र त्यहाँका काम गर्ने कर्मचारीलाई समस्या पर्ने गरेको छ । पछिल्लो समय मुस्ताङमासमेत वर्षा हुने क्रम बढेकाले त्यहाँको कारागार भवन पछिल्लो समय असुरक्षित महसुस गरिएको बताइएको छ ।

कारागारमा आठ कर्मचारीको दरबन्दी छ । यहाँ एक जना कारागार प्रशासक, एक जना सहलेखापाल, एक स्वास्थ्यकर्मी, एक खरिदार, एक जना सहायक कम्प्युटर अपरेटर र तीन कार्यालय सहयोगीको दरबन्दी छ । यहाँका कूल दरबन्दीमध्ये कारागार प्रशासक, स्वास्थ्यकर्मी, खरिदार र एक कार्यालय सहयोगीको पद रिक्त छ । यहाँ कार्यरत सहायक कम्प्युटर अपरेटरको पनि सरुवा भइसकेकाले सो पद पनि रिक्त हुँदै छ । यहाँको कारागारमा कारागार व्यवस्थापन विभागले दरबन्दीअनुसार प्रशासनिक कर्मचारी पदपूर्ति गर्न नसक्दा कारागार व्यवस्थापनमा समस्या भइरहेको छ ।

यसैगरी कारागारमा एक प्रहरी वरिष्ठ नायब निरीक्षकको कमाण्डमा ११ सुरक्षाकर्मी खटाइएको छ । यहाँको कारागारमा कूल कैदीबन्दीको क्षमता १५ जनाको रहेको छ । हाल यस कारागारमा २२ वर्षदेखि ६८ वर्ष उमेर समूहका १२ कैदीबन्दी रहेको कारागारका निमित्त प्रशासक युवराज तिमिल्सिनाले जानकारी दिए ।

कारागार निमित्त प्रमुख तिमिल्सिनाका अनुसार कारागारमा सुरक्षाकर्मीको बेग्लै आवास भवन नरहेको, कारागारमा चाहिने सवारीसाधन नभएको, खानेपानीको समस्या रहेको, कारागारको पर्खाल मजबुत नभएको, कारागारमा पानी चुहिने समस्या रहेको र कैदीबन्दीलाई स्वास्थ्योपचार तथा अदालतमा म्याद थप गर्न लैजाँदा समस्या पर्ने गरेको छ । *रासस*



**काठेपुल निर्माण** | **दार्चुलाको व्याँस गाउँपालिका–१ को छाङरु र तिंकर गाउँ जोड्ने अपी र नाम्पा खोलामा आएको बाढीले पुल बगाएपछि स्थानीयवासीलाई आवतजावतमा सहजताका लागि सुरक्षाकर्मी र सर्वसाधारणको जनश्रमदानबाट काठेपुल निर्माण गरिँदै ।**

*तस्बिरः नरेन्द्रसिंह कार्की/रासस*

# सीमा क्षेत्रमा बर्डफ्लुको उच्च जोखिम

**बैतडी (प्रस)–** भारतको उत्तराखण्ड राज्यका विभिन्न स्थानमा बर्डफ्लु संक्रमण देखिएपछि नेपालको सीमाक्षेत्रमा उच्च सतर्कता अपनाइएको छ ।

बर्डफ्लु भित्रिन नदिन यहाँका सीमा क्षेत्रमा उच्च सतर्कता अपनाइएको भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बैतडीका प्रमुख गुमानी पन्तले जानकारी दिए । भारतको उत्तराखण्ड राज्यका बागेश्वर र उधमसिंह नगरलगायतका जिल्लामा संक्रमण देखिएपछि सीमाक्षेत्रमा कडाइ गरिएको हो । उनले भने, 'सीमा जोडिएको जिल्ला भएकाले भित्रिन नदिन सतर्कता अपनाएका हौं ।'



यहाँको भारतसँग सीमा जोडिएका दशरथचन्द नगरपालिका र पञ्चेश्वर गाउँपालिकामा उच्च सतर्कता अपनाइएको छ । केन्द्रले सीमा जोडिएका दशरथचन्द र पञ्चेश्वरलाई उच्च सतर्कता अपनाउन आग्रह गरेपछि यी दुवै पालिकाले सूचना जारी गर्दै सतर्कता अपनाउन सूचना जारी गरेको हो । गाउँपालिकाले सूचना जारी गर्दै कुखुरा तथा कुखुराजन्य पदार्थ भित्र्याउने कार्यमा संलग्न रहेमा तथा सूचनाको अवज्ञा गरेमा कानुनबमोजिम कारबाही हुने जानकारी दिएको छ ।

बर्डफ्लु कुखुरा र पक्षीको अतिसंक्रामक रोग हो । यो जतिबेला जहाँ पनि फैलन सक्दछ । बर्डफ्लु संक्रमणबाट बिरामीमा उच्च ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, घाँटी दुख्ने, श्वास फेर्न गाह्रो हुने लक्षण देखिन्छन् । बिरामी गम्भीर भएमा निमोनिया, श्वासप्रश्वासको समस्या देखिन गइ बिरामीको मृत्युसमेत हुनसक्छ ।

# विद्यालय परिसर जलमग्न हुँदा पठनपाठनमा समस्या

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका–४ असैनास्थित कालिका माध्यमिक विद्यालयमा बिहान घण्टी बज्नेबित्तिकै विद्यार्थी सरस्वती बन्दना वा पिटी कवाज गर्न नपाइ सीधा कक्षा कोठामा प्रवेश गर्छन् । शिक्षकले पनि कक्षाभित्रै हाजिरी गरी पठनपाठन सुरु गर्ने गरेका छन् ।

विद्यालय परिसर वर्षा लागेसँगै जलमग्न र हिलाम्मे हुने भएकाले विद्यार्थीलाई बाहिर लामबद्ध गर्ने गतिविधि गर्न नसकिने अवस्था छ । करिब चार महिनासम्म विद्यालय परिसर डुबानमा पर्ने गरेको छ । पानी निकासको व्यवस्था नहुँदा समस्या झन चर्किएको विद्यालय व्यवस्थापन समितिका पदाधिकारी नवीन धानुक बताउँछन् ।

'जलमग्न र हिलाम्मे परिसर टेक्दै शिक्षक-विद्यार्थी कक्षामा पस्ने गरेका छन्, समस्या वर्षौंदेखि देखिएको हो, तर समाधान अझै हुन सकेको छैन,' उनले भने । पूर्व-पश्चिम राजमार्गदेखि करिब ७०० मिटर दक्षिणतर्फ अवस्थित विद्यालयमा २०० बढी विद्यार्थी अध्ययनरत छन् । करिब ९० प्रतिशतभन्दा बढी विद्यार्थी दलित र आदिवासी जनजाति समुदायका रहेका छन् ।

विद्यालयका प्रधानाध्यापक गोपिन्दसिंह नायकका अनुसार विद्यालयका दुई भवन 'बिल्ड अन' र भारतीय दूतावासको सहयोगमा बनेका हुन् । ती मात्रै प्रयोगयोग्य छन् । बाँकी भवन जीर्ण भएकाले जोखिम मोलेर प्रयोग गर्नुपरेको छ । 'विद्यार्थीको चापअनुसार दुई भवन पर्याप्त छैनन्, बाध्य भएर पुरानै जीर्ण भवनमा पढाउँदै आएका छौं,' उनले भने ।

विद्यालयमा १७ शिक्षक र करिब २०० विद्यार्थी भए पनि प्रयोगयोग्य शौचालय भने एकमात्र छ । त्यो पनि वर्षौं पुरानो भएकाले टालटुल गरेर चलाइँदै आएको प्रधानाध्यापक नायकको भनाइ छ । 'विद्यार्थीहरू लाइनमा उभिएर शौचालय प्रयोग गर्न पालो कुर्न बाध्य छन्, शिक्षकहरूले पनि त्यही प्रयोग गर्नुपरेको छ, जसले गर्दा पठनपाठनमा अनरोध हुने गरेको छ,' प्रधानाध्यापक नायकले भने ।

विद्यालय हाताभित्रै रहेको कालिका मन्दिरमा हुने पूजापाठ र बलि चढाउने कार्यले पनि शिक्षण प्रभावित हुने गरेको छ । *रासस*


## दोधारा चाँदनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दोधारा चाँदनी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

### करार पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१९ गते)**

यस नगरपालिका नगरकार्यपालिका कार्यालयलाई देहायको जनशक्ति आबश्यक भएको र उक्त जनशक्ति खुल्ला प्रतिस्पर्धाको माध्यम बाट पदपूर्ति गर्नुपर्ने भएको हुँदा निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको राजस्व बुझाई यस कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नम्बर | पद | तह | सँख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२-२०८२/०८३ | जन स्वास्थ्य अधिकृत | अधिकृत सातौं | १ (एक जना) | रु. १,०००/- | |
| २ | ०३-२०८२/०८३ | विद्यालय नर्स | सहायक पाँचौं | २ (दूई जना) | रु. ७००/- | |

१. आबश्यक न्यूनतम योग्यता र अनुभवः-
क. विज्ञापन नम्बर ०२-२०८२/०८३ का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण सँस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह पास गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको र सरकारी सेवाका लागि अयोग्य नठहरिएको नेपाली नागरिक ।
ख. विज्ञापन नम्बर ०३-२०८२/०८३ का लागी नेपाल सरकार बाट मान्यता प्राप्त शिक्षण सँस्थाबाट नर्सिङ्ग विषयमा प्रविणता प्रमाणपत्रतह पासगरी नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको र सरकारी सेवाका लागि अयोग्य नठहरिएको नेपाली नागरिक ।
२. दरखास्त दिने ब्यक्तिको उमेरः- विज्ञापन नम्बर ०२-२०८२/०८३ का लागि २१ बर्ष पुरा गरी ४५ बर्ष ननाघेको र विज्ञापन नम्बर ०३-२०८२/०८३ का लागि १८ बर्ष पुरा गरी ४५ बर्ष ननाघेको ।
३. दरखास्त दिने स्थानः- दोधारा चाँदनी नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।
